मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं
- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,
प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : २६ ★ अङ्क : २८ ★ ने. सं. ११४४ शिल्ला थ्व, एकादशी ★ मङ्गलबार ★ ८ फागुन, २०८० ★ February 20, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# सबै भाषा र संस्कृतिको संरक्षण गर्नु जरुरी




काठमाडौँ । काठमाडौँ टोखाको क्वने लाछ्री टोलमा १७ औँ नेपालभाषा साहित्य त:मुंज्या सोमबार सम्पन्न भयो । नेपालभाषा साहित्य त:मुंज्या टोखाको आयोजना र बाल विकास क्लव टोखाको सहआयोजनामा १७ वर्षदेखि हरेक वर्ष फागुन ७ का दिन साहित्य सम्मेलन हुँदै आएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भाषा र संस्कृति मानव जातिको सभ्यता विकासको सिलसिला भएको धारणा राख्दै सरकारले सबै भाषा र संस्कृतिको संरक्षण गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भाषा र संस्कृतिलाई सरकारले काखापाखा गर्न मिल्दैन । सरकारले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क, स्वास्थ्य उपचार नि:शुल्क र स्वदेशमा रोजगारी दिनु आवश्यक छ ।"

"ख्वप विश्वविद्यालयको स्वीकृति नदिने सरकारहरू देश र जनताको हुनेछैन । कृषिमा आत्मनिर्भर बनाउनुपर्ने सरकारहरू दाल, चामल, तरकारीसमेत भारतबाट आयात गर्दै छन् । गोर्खा भर्तीबाट नेपाली युवालाई विदेश पठाउन सुरु गरिएको थियो । अहिले युक्रेन, रुस, इजरायल, फ्रान्स, अमेरिकालगायत देशको सेनामा नेपाली युवालाई पठाइँदै छन् । ८० लाख युवाहरू विदेश पठाएर नेपालको विकास कसरी हुन्छ ?", उहाँले प्रश्न गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "प्रजातन्त्रको अर्थ आर्थिक समानता र आर्थिक न्याय हो । १० प्रतिशत धनीहरूसँग ९० प्रतिशत गरिबहरूको भन्दा कैयौँ गुणा बढी सम्पत्ति र भूमि रहेको छ ।"

"सरकारमा गएकाहरूले नै मेलम्ची, ललिता निवास, गिरिबन्धु, बाँसबारीलगायतको सरकारी जग्गा भ्रष्टाचार गरेको सार्वजनिक भयो । सहकारी पीडित, मिटरब्याज पीडित र लघुवित्त पीडित जनता आन्दोलनमा छन् । सरकारले गरिब जनताको समस्या समाधान गर्न सकेको छैन", उहाँले भन्नुभयो ।

विदेशी पुँजी ल्याउनको लागि लगानी सम्मेलन गर्न स्रोत नखुलको सम्पत्तिमा अलिकति कर तिराएर वैध बनाउने कानुन पारित गरियो । विदेशी पुँजीसँगै देश नवउपनिवेश हुनेछ । विदेशी पुँजीले नेपाली युवालाई हाम्रै देशमा शोषण गर्ने बाटो खुल्नेछ । देश बेच्ने भनेको माटो उठाएर लाने होइन । विदेशी पुँजीले नवउपनिवेश बनाउनु, विदेशी कानुन र नीति मान्नुपर्ने एमसीसी सम्झौता गर्नु र नेपालको जलस्रोत भारतीय कम्पनीहरू एमआर र सतलजलाई कब्जा गर्न दिनु देश बेच्नुजस्तै हो, सांसद सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रम मोदीलाई तत्कालीन प्रम शेरबहादुर देउवाले अरुण चौथो प्रसाद दिएर पठाए । गएको जेठमा भारत गएका प्रम दाहालले फुकोट कर्णाली मोदीलाई दिए । देशको सन्तुलित विकास गर्न प्रम, मन्त्री र सांसदहरू आ-आफ्नो जिल्लामा जनतासँगै बस्नुपर्ने, बसाइँसराइ गर्न नपाउने कानुन जरुरी छ । निर्वाचनमा सामान र पैसा बाँडेर, भोज खुवाएर धेरै भोट ल्याउने उम्मेदवार र पार्टीलाई कारबाही हुने कानुन जरुरी छ ।"

सचिव सुवालले थप्नुभयो, "युक्रेनमा रुसविरुद्ध अमेरिकाले छद्मयुद्ध गरेको हो । प्यालेस्टिनमा इजरायली फासीवादलाई अघि सारेर अमेरिकी साम्राज्यवादले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गर्दै छ ।"

उहाँले भन्नुभयो, "भारतीय कामदार जनता र अमेरिकी कामदार वर्गका जनता नेपाली कामदारवर्गका मित्र नै हुन् । भारतीय एकाधिकार पुँजी र विस्तारवाद तथा अमेरिकी साम्राज्यवाद विश्वकै कामदारवर्गका जनताका शत्रु हुन् ।

स्थानीय ज्येष्ठ नागरिक कृष्णलाल डंगोलले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो । नेपालभाषा साहित्य त:मुंज्या टोखाका अध्यक्ष काशीलाल डंगोलको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाई, नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जन र कृष्णकुमार वैद्य, नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय अध्यक्ष अनुराधा थापामगर, जलस्रोतविद् रतन भण्डारी, नेपालभाषा साहित्य त:मुंज्या कीर्तिपुरका श्रीकृष्ण महर्जनलगायतले मन्तव्य राख्नुभएको

बाँकी पृष्ठ ८ मा

# अमर सहिदहरूप्रति सच्चा सम्मान गरौँ

बहुदलीय प्रजातन्त्र स्थापनाको लागि २०४६ फागुन ७ गते (१९९० फेब्रुअरी १८) देखि संयुक्त जनआन्दोलन सुरु भएको थियो । वाम मोर्चा र नेकाको आह्वानमा भएको उक्त संयुक्त आन्दोलन २०४६ चैत २७ (१९९० अप्रिल ९) सम्म भएको थियो । संयुक्त जनआन्दोलनमा भक्तपुरका ६ जना सपुतहरूले वीरगति प्राप्त गरेका थिए । यसरी वीरगति प्राप्त गर्ने सहिदहरूमा राजकुमार सुवाल, हरिकृष्ण भुजु, निर्मलकुमार शाक्य, कृष्णराम दुवाल, पुष्परत्न शास्य, महेश श्रेष्ठ थिए । जनआन्दोलनकै क्रममा देशभरमा दुई दर्जनभन्दा बढीले सहादत प्राप्त गरे, सयौँ घाइते भए, थुप्रैले जेल यातना भोगेका थिए । पञ्चायती सरकारले नेपाल बन्द सफल पार्न शान्तिपूर्वक अघि बढिरहेको भक्तपुरको जुलुसमा पञ्चायती सरकारले दोस्रो विश्वयुद्धमा प्रतिबन्धित गोली प्रहार गरेको थियो ।

आन्दोलन सफल पार्न संयुक्त जनआन्दोलन परिचालन समितिले फागुन ८ गते नेपाल बन्दको आह्वान गरेको थियो । उक्त दिन भक्तपुरमा गोली प्रहारबाट चार जनाको मृत्यु र दर्जनौँ घाइते भएका थिए । फागुन ९ गते कानुन व्यवसायी वकिलहरूले कालोपट्टि बाँधी अदालत बहिष्कार गरेका थिए । फागुन १० गते विराटनगरमा महिलाहरूको विरोध प्रदर्शन, फागुन १२ गते स्वास्थ्यकर्मी र चिकित्सकहरूबाट शिक्षण अस्पतालमा २ घण्टा हडताल, फागुन १३ गते वीर अस्पतालका चिकित्सकहरूद्वारा कालोपट्टि बाँधी हडताल र १४ गते देशभर कालो दिवसको आह्वान गरिएको थियो । यसरी नै फागुन १६ गते प्राध्यापकहरूको विरोधसभा, फागुन १९ गते दोस्रोपटक नेपाल बन्द, फागुन २२ गते कानुन व्यवसायीहरूको मौन जुलुस, फागुन २६ गते पञ्चायती व्यवस्थाको पुतला दहन, चैत १ गते तेस्रो नेपाल बन्द भएको थियो । चैत ३ गते लेखक तथा कलाकारहरूको त्रिचन्द्र कलेज र प्रज्ञा भवन बाहिर प्रदर्शन, चैत ४ गते अमेरिकामा रहेका नेपालीहरूद्वारा नेपाली दूतावास अगाडि विरोध प्रदर्शन, चैत ७ गते बुद्धिजीवीहरूद्वारा गरिएको विचार गोष्ठीमा सबैको गिरफ्तारी, चैत ८ गते सम्पूर्ण शिक्षकहरूद्वारा कलम बन्द र चैत १० गते प्राध्यापकहरूबाट कलम बन्द गरिएको थियो । त्यस्तै, चैत ११ गते विराटनगरका सबै क्याम्पसमा प्राध्यापकहरूद्वारा कलम बन्द, चैत १५ गते प्राध्यापक, चिकित्साकर्मी, इन्जिनियरहरूद्वारा हडताल तथा विरोध जुलुस, चैत १६ गते स्कूल तथा क्याम्पसमा विद्यार्थीहरूको जुलुस प्रदर्शन तथा बत्ती निभाउने कार्य भएको थियो । चैत १९ गते भक्तपुर र कीर्तिपुरमा विशाल जुलुस तथा आमसभा र पाइलटहरूको विरोध प्रदर्शन तथा हडताल, चैत २० गते पाटनमा विशाल जुलुस तथा सभा, चैत २३ गते कर्मचारीहरूको जुलुस प्रदर्शन भएको थियो । चैत २५ गते भक्तपुरलगायत विभिन्न ठाउँमा जुलुस, काठमाडौँ, ललितपुर र बुटवलमा कर्फ्यु गरिएको थियो । आन्दोलनमा किसान, मजदुर, विद्यार्थी, शिक्षक, प्राध्यापक, महिला, युवा, लेखक, कलाकार इन्जिनियर, चिकित्सक, पाइलट, कानुन व्यवसायी, कर्मचारी, साहित्यकार आदिले विभिन्न कार्यक्रम र वक्तव्य दिएर आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै समर्थन गरेका थिए । यसैको परिणाम संयुक्त जनआन्दोलन सफल भएको थियो । फलत: निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भयो । चैत २७ गते देशभर प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भएको खुसियालीमा विशाल जुलुस र आमसभा भएको थियो ।

देशमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनासँगै गणतन्त्र पनि स्थापना

बाँकी पृष्ठ २ मा

हार्दिक निमन्त्रण

यस ख्वप्रिङ इङ्गलिश एकेडेमी (सेकेण्डरी) ले आफ्नो स्थापनाको २३ औं वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको शुभ अवसरमा '२३ औं वार्षिक उत्सव एवं सांस्कृतिक तथा पुरस्कार वितरण समारोह २०८०' र 'किन्डरगार्टेन शैक्षिक सामग्री प्रदर्शनी २०८०' निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण अभिभावक, विद्यार्थी र शुभचिन्तकहरूमा उपस्थितिको लागि सादर अनुरोध गरिन्छ ।

किन्डरगार्टेन शैक्षिक सामग्री प्रदर्शनी २०८०
मिति : २०८० फागुन ८ गते, मङ्गलबार
स्थान : किन्डरगार्टेन ब्लक, लिबाली भक्तपुर
समय : बिहान ९ बजेदेखि ११ बजेसम्म

२३ औं वार्षिक उत्सव एवं सांस्कृतिक तथा पुरस्कार वितरण समारोह २०८०
मिति : २०८० फागुन ८ गते, मङ्गलबार
स्थान : विद्यालय प्राङ्गण, लिबाली भक्तपुर
समय : बिहान १०:३० बजे

ख्वप्रिङ इङ्गलिश एकेडेमी (सेकेण्डरी)
लिबाली–८, भक्तपुर

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप माध्यमिक विद्यालय/ख्वप कलेज/शारदा क्याम्पस
वार्षिक उत्सव तथा शैक्षिक प्रदर्शनी कार्यक्रममा उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा हुने ख्वप मा.वि.को २४ औं, ख्वप कलेजको २२ औं र ख्वप कलेज अफ ल को पहिलो वार्षिक उत्सव कार्यक्रममा समस्त जनप्रतिनिधि, शुभचिन्तक, अभिभावक, प्रधानाध्यापक, प्राचार्य, कार्यालय प्रमुख एवम् पत्रकारहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

• उद्घाटन कार्यक्रम :
मिति : २०८० फागुन ९ गते, बुधबार
समय : बिहान १०:०० बजे
स्थान : विद्यालय/कलेज प्राङ्गण, भनपा-६, देकोचा ।

• शैक्षिक प्रदर्शनी कार्यक्रम :
मिति : २०८० फागुन १० गते, बिहीबार
समय : बिहान ११:०० बजेदेखि ४:०० बजेसम्म
स्थान : विद्यालय/कलेज प्राङ्गण, भनपा-६, देकोचा ।

अनुरोधक
प्राचार्यहरू,
ख्वप मावि, ख्वप कलेज तथा ख्वप कलेज अफ ल

# मेहनत र परिश्रम गर्नेहरूले नै हरेक क्षेत्रमा सफलता पाउने



भक्तपुर, ७ फागुन। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कठोर मेहनत र परिश्रम गर्नेहरूले नै हरेक क्षेत्रमा सफलता हात पार्छन् भन्नुभयो।

कीर्तिपुर नगरपालिकाको आयोजनामा हुने बास्केट बल प्रतियोगितामा भाग लिने खेलाडीहरूलाई प्रशिक्षण दिँदै उहाँले खेलमा हारजित स्वाभाविक भए पनि अनुशासितरूपमा खेल प्रदर्शन गरेर भक्तपुरको नाउँ उच्च राख्न शुभकामना दिनुभयो।

उहाँले खेलाडीहरू खेलकुदमा मात्रै सीमित नभई देशको राजनीतिमा पनि ध्यान दिनुपर्ने उल्लेख गर्दै अन्यायको विरुद्ध निरन्तर आवाज उठाउने बानीको विकास गर्नुपर्ने बताउनुभयो।

सहिद दिवसलाई बिदामा मात्र सीमित गर्न नहुने बताउँदै उहाँले भन्नुभयो, "निरङ्कुश राणा शासनको विरुद्ध आवाज उठाउनेहरूलाई राणाहरूले मृत्युदण्ड दिए तर परिवर्तनलाई रोक्न सकेनन्। नेपालमा पटक पटक राजनैतिक परिवर्तनहरू भए। २०४६ सालको परिवर्तनपछि जनताले शिक्षा, स्वास्थ्य उपचार र रोजगारी पाउने आशा गरेका थिए तर शासन सत्तामा जाने राजनैतिक दलहरूले सहिदको इच्छा पूरा गर्न सकेनन्। त्यसले जनतामा राजनीतिप्रति नै वितृष्णा जगायो। युवाहरूले राजनीतिलाई जनताको सेवा गर्ने साधनको रूपमा प्रयोग गर्दै सहिदको सपना पूरा गर्नेतर्फ लाग्नुपर्छ।"

भनपा वडा नं १ का वडाध्यक्ष एवं युवा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले नगरपालिकाले नयाँ नयाँ खेलाडीहरू तयार गर्ने उद्देश्यले समय समयमा खेलकुद प्रतियोगिताको आयोजना गरिरहेको बताउनुभयो।

सो कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रतियोगितामा भाग लिने सबै खेलाडीहरूलाई ट्राक सुट वितरण गर्नुभएको थियो।

# ललितपुरमा 'श्रमिक' र 'मजदुर' को अन्तरक्रिया

ललितपुर, ७ फागुन। नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा शनिबार 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम त्यागलमा भयो।

नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एनबी. श्रेष्ठले अमेरिकी साम्राज्यवादले आफूले भने जस्तो नबस्ने देशमा नाटोमार्फत आक्रमण गर्ने, नाकाबन्दी गर्ने, नवउदारवादी नीतिअनुसार त्यस देशको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने र त्यस देशलाई परनिर्भतातर्फ धकेल्ने प्रयास गरिरहेको बताउनुभयो।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले कुनै राष्ट्रलाई विध्वंस गर्न आणविक बम या दूरमारक क्षेप्यास्त्रहरूको प्रयोग गर्नु आवश्यक छैन, खालि शिक्षाको गुणस्तरलाई तल झार्ने र विद्यार्थीहरूलाई परीक्षामा नक्कल गर्न दिए पुग्छ भन्ने भनाइ सान्दर्भिक हो भन्नुभयो।

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले नेपालको राजनीतिमा भारतको गुप्तचर संस्था 'रअ' र अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआइए) ले हस्तक्षेप गरिरहेको छ; नेपालका शासक नेताहरूलाई 'उठ-बस' गराउने कार्य गरिरहेको छ, देश हितविपरीतका कार्य नेपाली नेताहरूलाई गराइरहेको बताउनुभयो।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले भन्नुभयो, "नेपाली बुद्धिजीवी भनाउँदाले साम्राज्यवाद, उपनिवेशवाद, नाटो, दोहोरो तलब, एकाधिकार पुँजी, नवउदारवाद, कूटनैतिक सम्बन्ध, दासयुग, सामन्तवाद, पुँजीवाद, समाजवाद, साम्यवाद शब्दबारे जानकारी राख्नु आवश्यक छ।"

नेक्रायुसङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले चीनले तयारी सामग्री विश्वकै ३५ प्रतिशत उत्पादन गर्ने गरेको छ भने संरा अमेरिकाको मात्र १२ प्रतिशतमात्र रहेको छ, यो समाजवादी देशले द्रुत प्रगति गर्नसक्छ भन्ने उदाहरण हो भन्नुभयो।

नेक्रामसङ्घ ललितपुरका संयोजक अशोक महर्जनले नेमकिपाले कम्युनिस्ट विचारधाराअनुसार देशका किसान मजदुरलगायत कामदार जनतालाई शिक्षित गर्ने कार्य गरिरहेको छ भन्नुभयो।

राजवीर डंगोलको सभापतित्वमा भएको उक्त अन्तरक्रिया कार्यक्रममा नरेश महर्जन र विष्णुभक्त महर्जनले पनि साहित्य प्रकाशन, सैद्धान्तिक एवम् बौद्धिक पुस्तकहरू प्रकाशन गर्नुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय सवालमा नेमकिपाले विभिन्न सङ्घर्षहरू गरी जनतालाई शिक्षित गर्ने कार्य गरिरहेको बताउनुभयो।

# भक्तपुर साकोसमा सामूहिक साकोसको अवलोकन भ्रमण

भक्तपुर, ७ फागुन। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. मा सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.बाट सञ्चालक, लेखा र कर्मचारीसहितको टोलीले सोमबार अध्ययन भ्रमण गर्‍यो।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्थाको पहिचान बनाउन केही फरक र नौलो तरिकाले एकात्मक नभई बहुआयात्मकरूपमा अगाडि बढ्नुपर्छ भन्नुभयो। संस्थाले बचत तथा ऋण कारोबारको साथसाथै सामाजिक, राजनैतिक, सांस्कृतिक र स्वास्थ्य क्षेत्रमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न सकेमा समाजसँग सामीप्यता र विश्वास बढ्ने धारणा राख्नुभयो।

सहकारीको दिगो विकासका लागि संस्थाका जिम्मेवार व्यक्तिहरू सदैव श्रृजनशील, लगनशील, पारदर्शी र प्रतिबद्ध हुनुपर्ने उहाँले बताउनुभयो।

सामूहिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजाभाइ भेलेले अध्ययन भ्रमणको प्रमुख उद्देश्य आफ्नो राम्रो पक्षलाई यथावत राखी कुशल अभ्यासमा रहेका स्थानीय सहकारीको सिको गर्दै संस्थालाई अझ परिष्कृत तरिकाले अगाडि बढाउने हेतुले भएको बताउनुभयो।

सामूहिक साकोसका उपाध्यक्ष कृष्णहरि सैंजु,




सञ्चालक सदस्य संजय जोछेँले पनि बोल्नुभएको उक्त कार्यक्रममा भ्रमण टोलीका सदस्यहरूले आ-आफ्नो जिज्ञासा राख्नुभएको थियो।

कार्यक्रममा संस्थाका व्यवस्थापक सत्यनारायण साँयजूले संस्थाका गतिविधिहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो।

# चन्द्रागिरीमा 'श्रमिक' पत्रिकाको अध्ययन गोष्ठी

काठमाडौँ, ७ फागुन। नेपाल मजदुर किसान पार्टी चन्द्रागिरी नगर समितिको आयोजनामा 'श्रमिक' साप्ताहिक पत्रिकाको अध्ययन गोष्ठी आइतबार बलम्बुमा सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विचारप्रधान 'श्रमिक' साप्ताहिक पत्रिकाले न्यायप्रेमी जनताको चेतनास्तर जागृत गर्ने काम गरेको छ भन्नुभयो।

उहाँले 'श्रमिक' पत्रिका बढीभन्दा बढी पाठकबिच पुऱ्याउन सके देशको अवस्था नजिकबाट बुझ्नेछ र गलत राजनीतिक विचारलाई निमिट्यान्न पार्न महत्त्वपूर्ण योगदान गर्नेछ भन्नुभयो।

नेमकिपा चन्द्रागिरी नगर समितिका हरिशरण श्रेष्ठले 'श्रमिक' पत्रिकामार्फत मार्क्सवादी शिक्षा दिइरहेको बताउँदै हरेक विषयमा सबैले शिक्षा लिनुपर्ने बताउनुभयो।

किरणसिं महर्जनले पार्टीका कार्यकर्ताहरू कहिले पनि निरास हुन नहुने उल्लेख गर्दै जनताबिच वास्तविक कुराको जानकारी दिन लाग्नुपर्ने बताउनुभयो।

नेमकिपा चन्द्रागिरी नगर समितिका अध्यक्ष गुणदास महर्जनको सभापतित्वमा भएको कार्यक्रममा वन्दना श्रेष्ठ, जितबहादुर महर्जनले पनि 'श्रमिक' र 'मजदुर' पत्रिकामा प्रकाशित आलेखहरूको बारेमा आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो।

# थसीमा तेस्रो नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम हुने

ललितपुर, ७ फागुन। नेपालभाषा साहित्य त:मुंज्या यल ललितपुरको शनिबार समिति अध्यक्ष कवीन्द्र डंगोलको सभापतित्वमा सरोकारवालाहरूको एक भेला थसी (सिद्धिपुर) मा भयो। उक्त भेलाले तेस्रो नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं ६ स्थित थसी (सिद्धिपुर) मा चैत १७ गते गर्ने निर्णय गरेको छ।

उक्त भेलामा नेमकिपा वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले भन्नुभयो, "समाजवादी चिन्तन गर्न छोडी, निर्वाचनलाई प्राथमिकतामा राखी पुँजीवादी पार्टीहरूसँग गठबन्धन गरेर बढी सीट वा पदमा जित्न चिन्तन गर्ने पार्टी र नेताहरूबाट देश र कामदार जनताको सेवा हुँदैन। पार्टीको नाममा मार्क्स, लेनिन, कम्युनिस्ट वा माओवादी झुन्ड्याउँदैमा समाजवादी वा कम्युनिस्ट हुँदैन।"

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले नेपालभाषा साहित्य त:मुंज्याले साहित्य सम्मेलनले नेवारी भाषा र नेवारी संस्कृति बचाउन सहयोग पुगिरहेको बताउँदै अब थप प्रशिक्षण कार्यक्रम सञ्चालन गरी साहित्यकार र कलाकार उत्पादन गर्नु आवश्यक छ भन्नुभयो।

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतम लासिवाले साहित्यले जनताको सेवा गर्दैन भने त्यो कागजको खोस्तासरि हुन्छ, जनताको साहित्यले देश र कामदार जनताको सेवा गर्नु आवश्यक छ भन्नुभयो।

नेपालभाषा साहित्य त:मुंज्याका सदस्य महन्त महर्जन, नरेश महर्जनले पनि बोल्नुभएको उक्त भेलामा साहित्य पनि वाचन गरिएको थियो।

# पहिलो खेलमा भक्तपुर नगरपालिकाको विजयी

कीर्तिपुर, ७ फागुन। कीर्तिपुर नगरपालिकाको आयोजनामा फागुन ६ गतेबाट सञ्चालन भएको अठार वर्षमुनिको अन्तरस्थानीय तह बास्केटबल प्रतियोगिताको लिग चरणको पहिलो खेलमा भक्तपुर नगरपालिकाले जित हासिल गरेको छ।

काभ्रेको पाँचखाल नगरपालिका र भक्तपुर नगरपालिकाबिच भएको खेलमा ६४ अङ्कका विरुद्ध ६७ अङ्कले भक्तपुर नगरपालिका विजयी भएको हो। लिग कम नकाउटको आधारमा खेलाइने उक्त प्रतियोगितामा भक्तपुर नगरपालिकाको अर्को खेल फागुन ९ गते तार्केश्वर नगरपालिकासँग हुने जानकारी भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका सदस्य सुनिता अवालले जानकारी दिनुभयो।

# तरलता व्यवस्थापन तालिम सम्पन्न

भक्तपुर, ७ फागुन। भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को तालिम व्यवस्थापन उपसमितिको आयोजनामा एकदिने तरलता व्यवस्थापन तालिम सम्पन्न भयो।

सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले पर्ल्स प्रतिवेदनमा तरलता पुगेर मात्र हुँदैन तरलताको गुणस्तर पनि हेर्नुपर्ने बताउनुभयो। हाल प्रतिवेदनमा तरलता पुगेको देखिए तापनि रकम फिर्ता दिन नसकेका थुप्रै उदाहरण देखिनुको कारण अन्तर सहकारी समानान्तर कारोबार रहेको उहाँले बताउनुभयो।

सङ्घका सञ्चालक एवं तालिम व्यवस्थापन उपसमितिका संयोजक इन्द्रप्रसाद ब्यान्जुले सिकेका ज्ञान संस्थामा लागु गर्न र सिकेको कुरा सहकर्मीहरूलाई सिकाउनुपर्ने विचार व्यक्त गर्नुभयो।

सङ्घका व्यवस्थापक बालकृष्ण धोजुले हाल समुदायमा आधारित सहकारी संस्थामा ऋण लगानी हुन नसक्दा अधिक तरलता भएको अवस्थामा तरलताको सही व्यवस्थापन गरेर पनि संस्था सञ्चालन गर्न सकिने बताउनुभयो।

तालिमको सहजकर्ता कवि न्यौपानेले तरलता सङ्कट, अधिक तरलताको व्यवस्थापन, स्प्रेदर गणना विधिलगायतको विषयमा प्रशिक्षण दिनुभयो।

***अमर..***

भयो। सहिदहरूको त्यागबाट ठुला विभिन्न राजनीतिक दलले सरकारको नेतृत्व गरे। पञ्चायती व्यवस्था अन्त्य, बहुदलीय व्यवस्था स्थापना हुँदै गणतन्त्र स्थापना भए पनि अझै देशमा बहुमत जनताको पक्षमा कुनै मौलिक नीति निर्णय भएको छैन। अत: यो पुँजीवादी व्यवस्थाको अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्न फेरि सङ्घर्षको आवश्यकता छ। अन्तमा, देशको मुहार फेर्न ज्यानको बाजी राख्ने अमर सहिदप्रति सच्चा सम्मान तथा वीर योद्धाहरूको कदर गर्दछौँ।

# कर्णालीमा खाद्यान्नको चरम अभाव

जाजरकोट, ७ फागुन । कर्णाली प्रदेशमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका डिपोमा चामल नहुँदा रित्ता भएका छन् । चामलको अभावमा डिपो, बिक्री केन्द्र रित्तै भएको लामो समय भए पनि अहिलेसम्म चामल पुग्न सकेको छैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चामल खरिदका लागि दुईपटक बोलपत्र गरेपनि ठेक्का कसैले नलिँदा चामल अभाव भएको कम्पनीका कर्णाली प्रदेश प्रमुख माधव मिश्रले राससलाई जानकारी दिनुभयो ।

कर्णालीमा सबैभन्दा बढी अरुवा मोटा चामल माग भए पनि सो चामलको चरम अभाव भएको प्रमुख मिश्रले बताउनुभयो । महँगो रकम पर्ने स्टीम जिरा मसिनो चामल केहीमात्रामा भए पनि चामल बिक्री नहुने भएकाले अरुवा मोटा चामल नै सबैभन्दा बढी कर्णालीमा माग हुने गरेको छ । जिल्ला सदरमुकाममा रहेका कारागार शाखामा समेत उक्त चामल प्रयोग हुन्छ । डिपोमा चामल नहुँदा दिन नसक्ने अवस्थामा पुगेको प्रमुख मिश्रले सुनाउनुभयो । महँगोमा खरिद गरेर सस्तोमा कसरी दिने भन्ने समस्या भएको उहाँको भनाइ छ ।

भूकम्पबाट प्रभावित जाजरकोटका चार बिक्री केन्द्र र चार डिपो चामलको अभावमा रित्ता रहेको जिल्ला कार्यालयका प्रमुख रामप्रसाद पौडेलले बताउनुभयो । मसिनो चामल प्रतिकेजी ९२ मा बिक्री हुन्छ । सो चामल स्थानीयवासीले नरुचाएको उहाँले सुनाउनुभयो । जाजरकोटमा अरुवा मोटा चामल रु. ५४ मा पाइन्छ । यसको माग धेरै रहेको उहाँको भनाइ छ । भूकम्पका कारण उठीबास भएर अस्थायी टहरामा बसिरहेका पीडित दैनिक चामल लिन आए पनि डिपोमा चामल नहुँदा रित्तो हात फर्कनुपर्ने बाध्यता सिर्जना भएको छ । बजारमा चामल किन्दा भारीमात्रामा महँगो छ । खाद्यमा जाँदा चामल नपाउँदा समस्या भएको बारेकोट गाउँपालिका-५ का प्रेम शाहीले गुनासो गर्नुभयो । जति महँगो भए पनि बजारकै चामल ल्याएर प्रयोग गर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

चामल नभएपछि अधिकांश गोदाममा ताल्चा लगाइएको छ । सदरमुकाम बाहिरका डिपो तथा बिक्री केन्द्रमा कर्मचारी नबस्ने र चामल आएमा ठेकेदारले आफै बिक्री गर्दै आएका छन् । कर्मचारी अभावका कारण ढुवानीकर्ताले नै चामल बिक्री गर्छन् ।

कर्णालीका जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्लामा खाद्यान्न अभाव छ । यी जिल्लामा उत्पादन हुने खाद्यान्नले वर्षभर खान नपुग्ने भएकाले बजार तथा कम्पनीको चामलको भरमा यहाँका सर्वसाधारण छन् । सरकारी तथ्याङ्कअनुसार कालीकोटमा वार्षिक २९ हजार सात सय ३९ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । यहाँ वार्षिक १७ हजार नौ सय ६४ मेट्रिकटन खाद्यान्न कमी छ ।

जाजरकोटमा दुई हजार ९७, डोल्पामा दुई हजार सात सय ८७, जुम्लामा सात हजार ३०, हुम्लामा आठ हजार दुई सय ७३ र मुगुमा पाँच हजार चार सय ४४ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

कर्णालीमा वार्षिक २३ हजार चार सय २० मेट्रिकटन खाद्यान्न अपुग रहँदै आएको मन्त्रालयले जनाएको छ । कर्णालीका रुकुमपश्चिम, सल्यान, सुर्खेत र दैलेखमात्र खाद्यान्नमा आत्मनिर्भर छन् । रुकुम पश्चिमले आवश्यकता परिपूर्ति गरेर वार्षिक चार हजार एक सय मेट्रिकटन खाद्यान्न सञ्चित गर्दै आएको छ । सबैभन्दा बढी खाद्यान्न सञ्चित सल्यानले गर्दछ, जहाँ वार्षिक १३ हजार नौ सय ९६ मेट्रिकटन सञ्चित हुने गर्दछ । अहिले सुर्खेतमा समेत अरुवा मोटो चामल नहुँदा समस्या भएको छ ।

सुर्खेतमा ७७ हजार छ सय ६० मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ भने त्यसमध्ये ७८ हजार सात सय ३४ मेट्रिकटन उत्पादन गरेर एक हजार ७४ मेट्रिकटन भण्डार गर्दै आएको छ । बाँकी जिल्लामा भने स्थानीय उत्पादनले वर्षभर खान पुग्दैन । कर्णालीमा १६ डिपो छन् भने बिक्री केन्द्रको सङ्ख्या २६ छ । जाजरकोटमा सदरमुकामसहित पाँच डिपो र चार वटा बिक्री केन्द्र छन् । दैलेखका तीन ठाउँमा बिक्री केन्द्र र एक डिपो छ । कालीकोटमा चार डिपो र एक बिक्री केन्द्र छ ।

जुम्लामा तीन वटा डिपो, मुगुमा चार डिपो र दुई बिक्री केन्द्र छन् । डोल्पामा चार डिपो र चार वटा बिक्री केन्द्र छन् । हुम्लामा तीन डिपो र ६ वटा बिक्री केन्द्र स्थापना भएका छन् । रुकुम पश्चिममा दुई डिपो र एक बिक्री केन्द्र रहेको प्रदेश कार्यालयले जनाएको छ ।

कर्णालीका ६ जिल्लामा अनुदानको चामल ढुवानी गर्दा रु. आठ करोड १४ लाख ५२ हजार एक सय ३५ लाग्छ । कर्णालीमा खरिदभन्दा ढुवानीमा खर्च बढी हुने गरेको छ । हुम्ला र मुगुमा हवाई मार्गबाट समेत ढुवानी हुँदै आएको छ । कर्णालीको हुम्लामा अझैसम्म सडक सञ्जाल नजोडिएका कारण त्यहाँ खाद्यान्न ढुवानी गर्न समस्या हुन्छ । उपल्लो डोल्पामा छ वर्षदेखि एक गेडा चामल ढुवानी भएको छैन । रासस



सर्लाही सदरमुकाम मलङ्गवा-१०, स्थित चिया पसलमा मट्का चिया तयार गर्दै व्यापारी ।। आधुनिकतापछि हराउँदै गएको माटोको भाँडोमा (मट्का) चिया खाने चलन पछिल्लो समय बढ्दै गएको छ । *तस्बिर : विश्वनाथ ठाकुर / रासस*

# सोमबार निर्वाचन दिवस : प्रजातन्त्रसँग अभिन्नरूपमा जोडिएको बालिग मताधिकार

**- प्रकाश सिलवाल**

काठमाडौँ, ७ फागुन । प्रजातन्त्र र निर्वाचन एकार्कामा अभिन्नरूपमा गाँसिएका छन् । विधिसम्मत्‌रूपमा जनताको अभिमतप्राप्त गरेका जनप्रतिनिधिले शासन गर्नु प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र हो भने आम मतदाताले निर्बाध र आवधिकरूपमा मताधिकार प्रयोग गर्न पाउनु निर्वाचन प्रक्रिया हो ।

सुखद् संयोग नै मान्नुपर्छ- सोमबार मुलुकले प्रजातन्त्र दिवससँगै निर्वाचन दिवस पनि मनाउँदैछ । नेपालीहरूले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्त्वपूर्ण दिनको स्मरण गर्दै निर्वाचन दिवस मनाउने गरिएको छ । यस वर्षको दिवसको नारा 'निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता' रहेको छ ।

नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासनमा सहभागिता जनाउने, आफैँ निर्वाचित हुन उम्मेदवारी दिन पाउने र शासन व्यवस्थामा सहभागी हुन पाउने यो अधिकार विश्वव्यापी अधिकारको एक हिस्सा रहेकामा विवाद छैन । नेपालमा यही अधिकार प्राप्तिका लागि लामो सङ्घर्ष र लडाइँ लड्नुपरेको थियो । नागरिकको सङ्घर्षको बलमा २००७ साल फागुन ७ गते तत्कालीन राजा त्रिभुवन शाहबाट जहाँनियाँ राणा शासनको अन्त्य गराई प्रजातन्त्रको घोषणा भयो । 'मुलुकको शासन व्यवस्था जनताबाट विधानसभाकाले बनाएको संविधानबमोजिम सञ्चालन हुने' भन्ने राजको त्यो घोषणा मुलुक र जनताका लागि दूरगामी महत्त्वको थियो तर त्यस घोषणाबमोजिम लामो समयसम्म संविधानसभाको चुनाव हुन सकेन । त्यसको दस वर्षपछि संसदीय निर्वाचन भयो । त्यही निर्वाचन हुनुलाई इतिहासले पहिलो आमनिर्वाचन मान्यो । संविधानअनुसारको पहिलो बालिग मताधिकार यसैलाई मानियो ।

विसं २००४ जेठमा 'काठमाडौँ म्युनिसिपाटिली' को निर्वाचन भए पनि यसलाई पहिलो बालिग मताधिकारको अवसर मानिएको छैन । निर्वाचन आयोगले २०७३ सालमा प्रकाशन गरेको 'नेपालको निर्वाचन इतिहास' पुस्तकमा त्यसअघि राणाकालमा विसं १९८७ मा स्थानीयस्तरमा जनप्रतिनिधि संस्थाका रूपमा केही स्थानमा पञ्चायत स्थापना गर्न निर्वाचनसम्बन्धी व्यवस्था गर्न रुक्का र इस्तिहार जारी भएको उल्लेख छ ।

तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको कार्यकालमा २०१५ साल फागुन ७ गते महासभा र प्रतिनिधिसभा गरी दुई सदनका लागि निर्वाचन भएको थियो । महासभामा ३६ सदस्य मध्ये १८ निर्वाचित र प्रतिनिधिसभामा एक सय नौ निर्वाचन क्षेत्र तोकिएको थियो । यस निर्वाचनमा नेपाली काङ्ग्रेसले ७४ स्थानमा विजय हासिल गरी जननिर्वाचित सरकार बनाए पनि राजा महेन्द्र शाहले २०१७ साल पुस १ गते संसद् विघटन गरेकामा ३० वर्षसम्म पञ्चायती व्यवस्था चल्यो । राजनीतिक दल र जनताको आन्दोलबाट २०४६ सालमा प्रजातन्त्रको पुन:बहाली भयो । त्यसबिचमा राजाहरू महेन्द्र शाह र वीरेन्द्र शाह तथा राजनीतिक दलहरूबिच अधिकार क्षेत्रमा विवाद हुँदा संसद् र सरकार विघटनका शृङ्खला दोहोरिए । यही क्रममा तत्कालीन विद्रोही नेकपा (माओवादी) को सशस्त्र जनयुद्ध र राजनीतिक दलको आन्दोलनको जगमा २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्र शाहबाट संसद् ब्युँताइएपछि संविधानसभाको निर्वाचन हुने स्थिति पैदा भयो । विसं २०६४ र २०७० गरी दुई पटकसम्मको निर्वाचनबाट निर्मित संविधानसभाले २०७२ असोज ३ गते संविधान जारी गरेको थियो । त्यसयता मुलुकमा दुई कार्यकालका निर्वाचन भइसकेका छन् ।

नेपालको संविधान २०७२ मा सार्वभौमसत्ता नेपाली जनतामा रहने, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रिक शासनप्रणाली, आवधिक निर्वाचनलाई संवैधानिक सुनिश्चितता गरिएको छ । यस्तै राजनीतिक दल खोल्ने स्वतन्त्रता विचार र अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हकजस्ता विषयलाई मौलिक हकका रूपमा समावेश गरेको छ ।

संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेशसभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवं राष्ट्रिय महत्त्वको विषयमा जनमत सङ्ग्रह गराउनेसमेत जिम्मेवारी तोकेको छ ।

वर्तमान संविधान जारी भएपछि सम्पन्न दुई आवधिक निर्वाचन र विभिन्न समयमा सम्पन्न उपनिर्वाचन एवं राष्ट्रियसभा सदस्यको निर्वाचनबाट देशभर करिब ८३ हजार चार सय जनप्रतिनिधि निर्वाचित भएका छन् । आवधिक निर्वाचनद्वारा बालिग मताधिकारको प्रयोग, निर्वाचन प्रणालीको क्रियाशीलता तथा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक सङ्घीय शासन प्रणालीको सुदृढीकरणमा उल्लेख्य भूमिका निर्वाह भएको छ ।

निर्वाचन व्यवस्थापनमा अवलम्बन गरिएका अभ्यास, विधि, पद्धति र संयन्त्रबाट निर्वाचन प्रणालीका अन्तरनिहित चुनौतीहरूका साथै सुधारका मार्गहरू पहिचान गरी निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा आयोगबाट नेपाल सरकारसमक्ष पेश भएको छ । त्यसलाई संसद्मा लान ढिलाइ भएको देखिन्छ ।

निर्वाचनका लागि सार्वभौमसत्ता सम्पन्न मतदाता नै सर्वोपरि भएकाले आयोगले मतदाता नामावलीको शुद्धता र दर्ता सहजीकरणका लागि स्थानीय तहबाटै मतदाता नामावली सङ्कलन गर्ने र विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम समावेश गर्ने कार्यविधि अगाडि बढाइएको छ ।

विगतका निर्वाचनको तुलनामा पछिल्ला निर्वाचनहरू 'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी' हुँदै आएका छन् । आयोगको संस्थागत सुदृढीकरण, प्रविधियुक्त निर्वाचन व्यवस्थापन, निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी सुधारको पहल, निर्वाचनका क्रियाकलापमा नागरिकको पहुँच अभिवृद्धि, राजनीतिक दलको दर्ता र नियमनमा सुधार, निर्वाचन व्यवस्थापन एवं नागरिक शिक्षामा समन्वय र सहकार्य तथा निर्वाचनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन यस अवधिका देखिने र अनुभूत गर्न सकिने उपलब्धि भएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको भनाइ छ ।

राष्ट्रिय प्रजातन्त्र दिवस र आठौँ निर्वाचन दिवसका अवसरमा शुभकामना सन्देश दिँदै प्रमुख आयुक्त थपलियाले आम मतदातामा निर्वाचन र मतदानको महत्त्वलाई मनन गरी निर्वाचनका क्रियाकलापमा सरिक हुन सदैव जागरूकता र प्रेरणा प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभएको छ ।

थपलियाको सन्देशमा यसरी निर्वाचनको माध्यमबाट नेपाली मतदाताले गोप्य मतदानद्वारा आफूले रोजेका प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने नागरिक अधिकारको वैधता र सुनिश्चितता प्राप्त भएकोमा खुसी व्यक्त गरिएको छ । उहाँले वर्तमान निर्वाचन प्रणालीलाई मितव्ययी र कम खर्चिलो बनाउन, बढ्दै गएको निर्वाचन तथा प्रचारप्रसार खर्चलाई नैतिकता र इमानदारिताको अभ्यास, स्व:नियन्त्रण पद्धतिको अनुशरण र सामाजिक सचेतनाको प्रयासबाट निस्तेज गर्ने विषयमा साझा सङ्कल्प र इमानदार प्रयत्नको खाँचो औँल्याउनुभएको छ ।

संविधानमा उल्लेख भएको समानुपातिक समावेशी सिद्धान्तको कार्यान्वयन एवं समावेशीभित्रको समावेशीता र लैङ्गिक सवालको सम्बोधन गर्ने गराउने पक्षमा आयोग क्रियाशील हुनुका साथै राजनीतिक दलको आन्तरिक लोकतन्त्र तथा संस्थागत सुशासनको सुचक्र स्थापित हुनुपर्नेमा आयोगले जोड दिएको छ ।

'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी निर्वाचन: शान्ति, स्थिरता, समृद्धि र सुशासन' भन्ने मूलमन्त्रलाई आत्मसात् गर्दै निर्वाचन आयोगले आफ्नो स्थापनाकालदेखि नै निष्पक्षता, स्वतन्त्रता, व्यावसायिकता र विश्वसनीयताको प्रत्याभूतिसहित निर्वाचन व्यवस्थापनको दायित्व निर्वाह गर्दै आएको छ । ***रासस***

# शरीर स्वस्थ बनाउन व्यायाम

**- राहुल राजचल (प्रशिक्षार्थी)**

व्यस्त जीवनशैलीका कारण अधिकांश मानिसहरू व्यायाममा ध्यान दिँदैनन् । तर, अहिले मानिसहरूले थोरै समय व्यायामलाई छुट्याएको पाइन्छ । नेपाली समुदायमा पनि अब व्यायाममा ध्यान दिइएको छ । समुदायका विभिन्न ठाउँमा योग सेन्टर, जिम र व्यायाम केन्द्रहरू खोलिएका छन् । नेपालीहरूले व्यायाम र योगको महत्त्वाकाङ्क्षी योजना बनाउन थालेका छन् । यसले उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधार ल्याउँछ ।

शारीरिक व्यायामले तनावमुक्त बनाउन ठुलो सहयोग गर्छ । मानिसहरू विभिन्न खालका शारीरिक क्रियाकलाप जस्तै योग, हिँडाइ, डान्स, जिम, स्विमिङ आदि गरेको पाइएको छ । मानिसहरूको इच्छा भए पनि व्यायाम गर्ने वातावरण नहुँदा शुल्क तिरेर जिमखानातिर गएको पाइन्छ । भक्तपुर नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी हरेक वडाको सार्वजनिक स्थानहरूमा शारीरिक व्यायाम गर्नको लागि आवश्यक सामग्री उपलब्ध गराएको छ । यसबाट नगरवासीहरूले लाभ लिँदै आएका छन् ।

हरिप्रसाद लागेजु व्यायाम गर्दा विभिन्न रोगबाट निको भएको बताउँछन् । भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा ध्यान दिनुका साथै नगरवासीको आवश्यकता र गुनासोलाई पूरा गरेको उनी बताउँछन् । त्यसैले, अरु स्थानीय सरकारले पनि भक्तपुर नपाबाट सिक्न जरुरी छ । नेपाली समुदायमा व्यायामको लोकप्रियता बढ्दै गएको छ । यसले नेपालीहरूको जीवनमा खुसी र स्वस्थता ल्याउँछ । यसले नेपाली समुदायमा सकारात्मक परिवर्तन ल्याउँछ । सरकारले सार्वजनिक स्वास्थ्य सेवा प्रदायक संस्थाहरूलाई व्यायाम र योगसम्बन्धी शिक्षा प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गर्न निर्देशित गर्नुपर्छ । सरकारले स्थानीय स्तरमा व्यायाम र योगका कक्षाहरू सञ्चालन गर्ने योजना बनाउनुपर्छ । सरकारले जनतालाई स्वस्थ जीवनशैलीको महत्त्व पहिचान गराउने उद्देश्य सरकारी निकायको हुन जरुरी छ ।

# पार्लर आयआर्जनको स्रोत

**- रोजी बस्नेत (प्रशिक्षार्थी)**

आजभोलि समयको गति सँगै विभिन्न व्यवसाय हुन थालेका छन् । महिलाहरूले सञ्चालन गर्ने अनेक व्यवसायमध्ये पार्लर पनि एक हो । तालिम प्राप्त पार्लरहरूले यस व्यवसायलाई विस्तार गर्न थालेका छन् । अहिलेको एउटा आम्दानी गर्ने व्यवसाय पार्लर बनेको छ ।

यो व्यवसायले युवाहरूलाई रोजगारीको अवसर प्रदान गरेको छ । विशेषज्ञ सफला खत्रीका अनुसार, पार्लर व्यवसायमा काम गर्दा युवाहरूले नै आफ्नो मार्जिन तय गर्नुपर्छ । यसबाट आफूले गरेको मेहनतअनुसार फल पाउन सकिन्छ । पार्लरमा म्यानिक्युर , पेडिक्योर फेसिअल, वैक्सिङ , मेकअप, हेयरस्टाइलिङ, ल्यासेस एक्सटेन्सन, नेल एक्सटेन्सन आदि काम हुन्छन् ।

नेपालमा मात्र नभएर विदेशमा पनि पार्लरको राम्रो रोजगार हासिल गर्न सकिन्छ । विशेषज्ञ रोजिना बस्नेत भन्नुहुन्छ, "पार्लर व्यवसायले मलाई आफ्नो पहिचान बनाउन सहयोग प्रदान गऱ्यो । यसले मलाई आफ्नो क्षमता विकास गर्नमा सहयोग प्रदान गऱ्यो ।"

। सम्पादकीय ।

# बुद्धिजीवीहरू थरीथरीका

बुद्धिजीवीको अर्थ आफ्नै बुद्धिले गुजारा चलाइरहेका वा स्कूल, कलेज, विश्वविद्यालयमा कार्यरत वा कुनै विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर र विद्यावारिधि भनी छाप लगाएका कुनै संस्था वा निजी फर्म वा व्यापारी संस्थामा काम गर्ने अङ्ग्रेजी भाषामा लेखपढ गर्न जानेका, हिसाब वा केही विषयमा दख्खल भएको व्यक्तिलाई मान्दै आएको छ ।

तर, ती खप्पिस र जानकारहरूले आफ्नै देशको राजनीतिक दल वा नेताहरू, बैङ्क वा व्यापारीहरूले देशको हित गर्दै छन् वा देश र जनताको अहित गर्दै छन् भन्नेबारे चोर औंला ठड्याउँदैनन् र आफूमात्रै सज्जन, इमानदार र जान्नेसुन्ने व्यक्ति सम्झन्छन् । कुनै व्यक्ति संस्था वा सरकारले कुनै एउटा काममा नियुक्ति गर्दै काम लगाएमा आँखा चिम्लेर स्वीकार गर्ने व्यक्ति आफूलाई बुद्धिजीवी भन्दै आत्मप्रशंसामा मग्न हुन्छन् ।

केहीको भनाइ छ - विदेशीहरूले देश चलाइरहेका छन्, विदेशीहरूले जे जे भन्छन् त्यही हुन्छ तर कोही बुद्धिजीवी उठ्दैनन् ।

यस्ता अभिव्यक्ति दिनेहरूमा विश्वविद्यालयले छाप लगाएका १०० जनामध्ये एक जना जरूरै होला । तर तिनीहरूमध्ये एक प्रतिशतले पनि कुनै देशले हाम्रो देश बिगारेको हो, के कसरी नेपाललाई अहित गर्दै छ भनी सोधेमा उसले जवाफ दिँदैन र अरूलाई अज्ञानी, मूर्ख र स्वार्थी भन्छन् ।

तर, बुद्धिजीवीहरूले भन्नैपर्छ - विदेशको नाम किटेर कुन देशले के कसरी देशको अहित गर्दै छ भन्दैन भने तत्तत् बुद्धिजीवी त होलान् तर कसैको तिनीहरूले हितमा काम गर्दै छन् र अन्य बुद्धिजीवीहरूको मन चोर्दै छन् ।

संसारमा हाकाहाकी युक्रेनमाथि आक्रमण गराउने संरा अमेरिकालाई आक्रामक, युद्ध सरदार र युद्धका व्यापारी भनेर किट्न सक्दैन भने संसारलाई आलोचना गर्नेहरू के के कारणले आरोप होइन भनी भाषण, सम्पादकलाई पत्र, फेसबुक वा अन्य कुनै प्रचार माध्यमबाट भनेपछि मात्रै ती बुद्धिजीवीहरूबारे लख काट्ने, खुट्याउने र उदाङ्ग्याउने छन् । 'मोही माग्ने ढुङ्ग्रो लुकाएर अहिले कोही साखुल्ले हुनसक्दैन । इजरायलको आक्रमणको निम्ति संरा अमेरिकालाई दोषी किन भन्न सक्दैनन् ? बुद्धिजीवीले किन विचार लुकाउने ? आफ्नो मत प्रचार गर्न देशलाई जोगाउन सरकारी संस्था र पैसा चाहिने दृष्टिकोण खोटपूर्ण छ । देशमा निःस्वार्थी र सरल मानिसहरू धेरै छन् । देशद्रोही, जनद्रोही र भ्रष्टाचारीहरू केही लाख छन् । १० लाख बुद्धिजीवी भनी आत्मकेन्द्रित व्यक्तिहरू छन् तर देशको निमित केही गर्दैनन् । बहुमत जनता दुःखी छन् र परिवर्तन चाहन्छन्, तर बुद्धिजीवी के हो ? पार्टी के हो ? कुन पार्टी राम्रो हो वा होइन केलाउने आलोचनात्मक दृष्टिकोण छैन । यस अर्थमा तिनीहरू निर्दोष छन् ।

तर सबै कुरो बुझ्छौं भनी बुद्धिजीवीहरू अरू सबैलाई दोष दिई आफूलाई चोखो बन्नेहरूलाई भन्नैपर्छ, "त्यस्ता बुद्धिजीवीहरू स्वार्थी छन् वा 'बुद्धिजीवीहरू अज्ञानी छन् ।"

XXX


मेलम्चीको आयोजना एक दिनले निर्णय भएको होइन, महिनौं वर्षौंसम्म छलफल गरेर निर्णय गरिएको थियो । त्यसमा सबै एकसेएक बुद्धिजीवी थिए । ती बुद्धिजीवीहरूले के गरे, तल हेरौं -

'मेलम्चीको ८ अर्ब ७१ करोडको ठेक्कामा एक अर्ब ६३ करोड भ्रष्टाचार', 'चार पूर्वसचिव, तीन तत्कालीन कार्यकारी निर्देशक र ठेकेदारसहित १८ जना विरूद्ध मुद्दा दायर ।' (नयाँ पत्रिका, ७ फागुन २०८०)

'३० अर्ब सकियो, मेलम्ची अझै अधुरै ।' तर आश्चर्य ती भ्रष्टाचारीहरू सबै विश्वविद्यालयले बुद्धिजीवीको लगाएको ईश्वरको पूजा गर्ने, धर्मबारे जानकारहरू, माथिल्ला सामाजिक आधार भएका माथिल्ला पदका छन् । ७ फागुनकै 'नेपाल समाचारपत्र' ले लेख्यो - १६ जना ठुलाबडाले ७ अर्ब ७२ करोडभन्दा बढी भ्रष्टाचार' गर्‍यो ।

अब बुद्धिजीवीहरूले मुख खोल्ने समय आएको छ, देशलाई डुबाउने साधारण जनताले हो या बुद्धिजीवीहरूले ।

# राज्य भ्रष्टाचार, अनाचार र सदाचार



भैरव रिसाल

*जिन्दगीमा तपाईं प्रधानमन्त्री हुनुभएको छ, केही त गरेर देखाउनुहोस् ! जिन्दगी भनेको जालझेल मात्र होइन । जिन्दगीलाई सदाचार, शिष्टाचार, नम्रता र जनताको निम्ति प्रयोग र परित्याग गर्न सक्नुपर्छ । जिन्दगी सधैं एकैनास रहँदैन । यो कुरा अख्तियारउन्मुख र राजनीतिक नेताहरूले बढी बुझ्नुपर्छ । नेताहरू चोखा भए, शुद्ध भए राजनीति पनि चोखो  र शुद्ध हुन्छ । बिटुलो राजनीतिले चोखो परिणाम दिन सक्दैन । आजको विश्वको जनता चोखो परिणाम चाहन्छ । तर, चोखो परिणाम कल्पनाले मात्र आउँदैन । यसको लागि दृढ सङ्कल्प र सद्सङ्कल्पको आवश्यकता हुन्छ ।*

एउटा युग थियो जुन युगमा भ्रष्टाचार, अनाचार र दुराचार हुँदैनथ्यो । समाजमा सदाचारको उच्च सम्मान र मर्यादा हुन्थ्यो । भ्रष्टाचार र अनाचारबाट मान्छेहरू परपर सर्दथे तर अहिले त्यो ठाउँ भ्रष्टाचारले लिन थालेको छ । भ्रष्टाचारीहरूमा थरीथरीका तृष्णा पैदा भएका छन् । भ्रष्टाचार समाजमा बदनाम विषय हो तर त्यसैको बिगबिगी छ । सरकारले भ्रष्टाचार नियन्त्रणको लागि अनेक प्रयत्न गर्‍यो तर ती प्रयत्न काम लागेनन् । उहिले सूर्यनाथ उपाध्याय भन्ने एक व्यक्ति थिए जसले एक रातमै धेरै भ्रष्टाचारीलाई समातेर थुने । हाहाकार मच्चियो । एउटा बेला राधारमण शर्मा भन्ने व्यक्ति अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख भए । म एक दिन उनको घरमा पुग्दा उनी भन्थे, "भैरवजी आज दूध छैन, कालो चिया खाऔं, पैसा जति दूध लिएर आउनेले लगे, पैसो छैन ।" यस्तो थियो संवैधानिक प्रमुखको अवस्था । यस्तो बेलामा के भ्रष्टाचार हुनु ?

**राजनीति भ्रष्टाचारमुक्त नहुने भो !**

अख्तियारमा राजनीतिको छाया बाक्लो भयो । फलस्वरूप शक्तिशालीहरूमाथि अनुसन्धान घट्दै गयो । पहिले त अख्तियार दुरूपयोग निवारण आयोग थियो । त्यो आयोगले धेरै जना भ्रष्टाचारीमाथि कानुनको प्रयोग गर्‍यो । हालै प्रकाशित एउटा दैनिकमा भ्रष्टाचार कारबाहीमा परेका ११ जनाको फोटो छापेको छ जसमा अकुत सम्पत्ति जम्मा गरेको अभियोग छ । ती मुद्दामध्ये कतिपय मुद्दा त आयोगले छिन्नु त परै जाओस्, पेसी मिति सरेको सर्‍यै छ । आयोग सक्रिय भएपछि राजनीतिक नियुक्ति गर्ने र अख्तियारलाई आफ्नो कब्जामा पार्ने प्रवृत्ति बलियो भयो । चिरञ्जीवी वाग्ले, रवीन्द्रनाथ शर्मा, जयप्रकाश गुप्ता, खुमबहादुर खड्का, गोविन्दराज जोशी, बद्री न्यौपाने, टेकबहादुर गुरूङ, सञ्जयकुमार शाह, रामकुमार श्रेष्ठ, विक्रम पाण्डे र छविराज पन्तहरूउपर मुद्दा दायर गरियो ।

**भ्रष्टाचारीहरू निर्लज्ज भए !**

तीमध्ये वाग्ले, शर्मा, गुप्ता, खड्काको मुद्दा छिनियो तर गोविन्दराज जोशीहरूको मुद्दा पेसीमा चढ्छ, पेसी हुँदैन । मुद्दा भ्रष्टाचारको छ तर मस्तसँग बाँचिरहेका छन् । अझ बेलाबेलामा उनीहरूकै स्वर ठुलो हुन्छ । यीमध्ये कति जना त परलोक भइसके । बाँकी दोषीहरू अझै कतिजना छलछाम गर्दै छन् ।  यस्तै छलछामबाट एक दिन सफाइ पाउने आशामा छन् । नेपालको मूल राजनीतिक शक्तिहरू अख्तियारको दुरूपयोग चाहन्छन् कि सदुपयोग ? भन्ने मूल प्रश्न हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोग अहिले त निजामती सेवाबाट अवकास पाएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख र सदस्य हुने क्रम बसालिएको छ । सो आयोगले मन्त्रीपरिषद्ले बास गरेको कुनै पनि मुद्दा हेर्ने उसको हैसियत हुँदैन जसले गर्दा साना निर्णय पनि मन्त्री आफैंले गर्दैन र मन्त्रीपरिषद्को बैठकबाट गराउँछ । मन्त्रीपरिषद्ले गरेको निर्णय आयोगले हेर्दैन । यसरी च्याङठ्याङ मिलाइएको छ ।

**मुद्दा पेसीका पेसी, लाज लाग्नुपर्ने हो**

कुनै पनि मुद्दा सधैं पेसीका पेसीमा रहनु इज्जत र शरमको विषय हो तर अपराधीले हातखुट्टा छोडेपछि कसको के लाग्छ र ? गोविन्दराज जोशीहरू राता गाला पारेर मोटाएर बसेका बसै छन् । एकथरी गोविन्दराजहरूलाई कारबाहीको सिलसिलामा अपराधीको रूपमा कारागारमा भेट्न चाहन्छन् तर अख्तियार दुरूपयोग अनुसन्धान आयोग यी मुद्दा हेर्न भ्याउँदैन । धेरै वर्षसम्म पनि सो मुद्दा टङ्गिएको टङ्गिमै छ । मान्छेको तृष्णा कस्तो हुन्छ भन्ने यो एउटा उदाहरण हो । कति जनालाई त उमेरले पनि सल्लाह दिनुपर्ने हो । अब मुद्दा जितेर कति कमाउने सुर छ ? त्यो कुरा  गोविन्दराजहरूले पनि बुझ्नुपर्ने हो । सुनाम र कुनामको मतलब नै छैन । अझै मोटाघाटै छन्, खाएकै छन् ।

**अख्तियार दुरूपयोग होइन, सदुपयोग**

अब त अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भ्रष्टाचारका आरोप लागेका यी महानुभावहरू पेटबोलीमा कुरा गर्छन्, "को बलियो ? तँ बलियो कि म बलियो ?" हामी जनता उनीहरूको यो बोली बुझ्दैनौं । के अब यस्तै हुने हो ? गोविन्दराजहरूको मुद्दा कहिल्यै छिनिँदैन ? अख्तियारका मान्छेहरूमा अलिकति पनि जिम्मेवारीबोध भएमा यस्ता समस्या समाधान हुन्छन् तर जिम्मेवारीबोध नै छैन । प्रधानमन्त्रीहरू कहिले को हुन्छ, कहिले को हुन्छ । आलोपालो प्रथाजस्तो छ तर धेरै जना प्रधानमन्त्री भइसके; विश्वेश्वरप्रसाद कोइराला, मातृकाप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, मनमोहन अधिकारीजस्ता पुराना नेता र अरू नयाँ नेता पनि धेरै जना प्रधानमन्त्री भइसके परन्तु अख्तियारको दुरूपयोग रोकिनुको बदला झन् बढिरहेको छ । यो रोग असाध्यै बलियो छ । रोग बलियो भएमा निको हुन कठिन छ ।

**मौका पर्दा केही त गर्नुहोस् !**

जिन्दगीमा तपाईं प्रधानमन्त्री हुनुभएको छ, केही त गरेर देखाउनुहोस् ! जिन्दगी भनेको जालझेल मात्र होइन । जिन्दगीलाई सदाचार, शिष्टाचार, नम्रता र जनताको निम्ति प्रयोग र परित्याग गर्न सक्नुपर्छ । जिन्दगी सधैं एकैनास रहँदैन । यो कुरा अख्तियारउन्मुख र राजनीतिक नेताहरूले बढी बुझ्नुपर्छ । नेताहरू चोखा भए, शुद्ध भए राजनीति पनि चोखो  र शुद्ध हुन्छ । बिटुलो राजनीतिले चोखो परिणाम दिन सक्दैन । आजको विश्वको जनता चोखो परिणाम चाहन्छ । तर, चोखो परिणाम कल्पनाले मात्र आउँदैन । यसको लागि दृढ सङ्कल्प र सद्सङ्कल्पको आवश्यकता हुन्छ । आजको मुलुकको संवैधानिक एवं कानुनी प्रावधान हेर्दा यस्तो आशा गर्न सकिँदैन । लौन हो, पदाधिकारीहरू ! पदको दास नहुनुहोस् । आफ्नो अधिकारको प्रयोग र सदुपयोग गर्नुहोस् । आफ्नो नाम अमर पार्नुहोस् ।

# जब दुईसय बीस वर्षपछि भक्तपुरमा गोली चल्यो !

✍ राकस्था

**पृथ्वीनारायण शाहको गोली**

आर्थिक नाकाबन्दी र अनेक दुष्प्रचार गर्दै पृथ्वीनारायण शाहले कीर्तिपुर, काठमाडौं र ललितपुर कब्जा गरे । उनी विसं १८२६ मा भक्तपुरतिर हानिए । काठमाडौं र ललितपुरका राजाहरू जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरको शरणमा पुगेका थिए । गोर्खाली सेनाविरुद्ध लड्ने तयारी गरियो । पृथ्वीनारायण शाहको सेनाको आक्रमणपछि भीषण युद्ध भयो । अन्ततः आक्रमणकारीहरू दरबारभित्र छिरे । काठमाडौंको 'जन बहा' (विहार) को एक लेखोटअनुसार पृथ्वीनारायण शाहको सेनाले सन् १७६९ नोभेम्बर २५ (विसं १८२६ मङ्सिर १४, शनिबार) राति भक्तपुर कब्जा गर्‍यो । आक्रमणकारी सेनाले २ हजार १ जनाको हत्या गर्‍यो भने ५ सय १ घरमा आगो लगायो । यसरी मल्ल वंशको अन्त भएर शाह वंशको उदय भयो ।

अहिले हामी कल्पना पनि गर्न सक्दैनौं, ५ सय घर जलाउँदा कति जना पोलिए होलान्, कति बिचल्लीमा परे ! सायद वर्षौंसम्म भक्तपुर मसानमा परिणत भएको थियो । युद्धमा मारिएका परिवारले शासकहरूको कति शासन भोग्नुपर्‍यो होला !

करिब २२० वर्षपछाडि पञ्चायती व्यवस्थाले 'भक्तपुर काण्ड' मच्चाई यहाँका जनतामाथि अर्को दमनचक्र चलायो, २०४५ भदौ ९ गते । भक्तपुरका जनप्रेमी तथा परिवर्तनकामी ६७ जना राजनीतिक नेता तथा कार्यकर्ताविरुद्ध झूटो ज्यानमुद्दा चलाइयो । सयौं मानिस पक्राउमा परे, कैयौं भूमिगत बस्न बाध्य भए । कैयौंको जागीर तथा घरजग्गा खोसियो, कैयौंको शिक्षा अवरुद्ध भयो । करिब २० महिना भक्तपुरलाई खुला बन्दीगृहजस्तो बनाइयो । शासकवर्गले शत्रु सेनालाई समेत नगरिने नृशंस व्यवहार भक्तपुरका जनतालाई गर्‍यो । त्यो एक वर्गीय दमन थियो ।

जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ भन्ने साश्वत नियम छ । जनतामाथिको दमनको परिणाम थियो, २०४६ फागुन ८ गतेको विद्रोह ! दबिएर रहेका जनताले 'क्रान्ति' को नारा दिए । यहाँका न्यायप्रेमीहरूले जीवन उत्सर्गको भावना बोकी 'इन्क्लाब' को नारा घन्काए । किनभने, उनीहरूको त्यो नै अन्तिम विकल्प थियो । फेरि अर्को हत्याकाण्ड मच्चियो भक्तपुरमा, ४ जना होनहार युवाहरूले सहादत प्राप्त गरे ।

**गङ्गालालको प्रेरणा !**

*"नेता जेतादि सबले मर्नु साझा सबैको*
*सब शव गई बस्छन् काखमा नै चिताको*
*किन डरूँ मृत्यु देखी मर्न कम्मर कसेको*
*हुँ एक वीरपुत्र वीर माता नेपालको ।"*

प्रस्तुत कवितांश सहिद गङ्गालालको अन्तिम अभिव्यक्तिको रूपमा लिइएको छ । २०४६ साल फागुन ८ गते सहादत प्राप्त सहिद राजकुमार सुवालले 'रणसङ्ग्राम' बनेको भक्तपुरको टौमढी चोकमा आन्दोलनकारीसँग हेलिँदै छातीमा पञ्चायती व्यवस्थाको गोली थाप्नुअगाडि सायद गङ्गालालको यही कविताबाट उत्प्रेरणा पाएका थिए होलान् । "हत्याराहरू ! तिमीहरूले कति जनालाई मार्नसक्छौ ? लौ, मार !" सहिद सुवालको हुङ्कार यस्तै थियो । आन्दोलनको आँधी उठेको बेला वीरहरू गोलीले ढल्न थालेपछि उद्वेलित भएका सुवालले आफ्नो ज्याकेट फुकालेर छाती फर्काए । उनको छातीमै गोली दागियो । कवि भूपी शेरचनको कविता "हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए, बन्दैन मुलुक दुई-चार सपुत मरेर नगए, ओठमा हाँसो, गालामा लाली तब आउँछ जगत्को देशको पीरले भेटी जब वीरले चढाउँछ" जस्तो मृत्युवरण ! सायद उनलाई पनि थाहा थियो होला, महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'वन' कवितामा गर्नुभएको वीरहरूको बलिदानी भएको ठाउँमा पूजा गर्ने अठोट गर्नुभएको कुरा । निरङ्कुश राणा शासनविरोधी देवकोटाको कविता भन्छ : "धर्म बोले - कुन मन्दिरमा पूजा गर्छौ आऊ ? मैले बोलेँ - वीरहरूको बलिदान भएको ठाउँ" *(शारदा, १९९७ भदौ)* ।

आज भक्तपुरको तलेजु मन्दिर पस्दा पित्तलको मूर्तिमा लागेको पृथ्वीनारायण शाहको गोलीको निसाना हेरेर राजा रणजीत मल्लको नियतिको अन्दाजमात्र गर्नसक्छौं । त्यो गोली आफ्नै मितछोराकै भए पनि शत्रु राज्यको थियो । तर, फागुन ८ गते भक्तपुरका जनताले आफ्नै राज्यका शासकहरूको गोली खानुपरेको थियो । भक्तपुरको साकोठाबाट टौमढी निस्किने गल्लीको मुखैमा ठड्याइएको दूरसञ्चारको एउटा पोलमा २०४६ सालमा पञ्चायती व्यवस्थाले हानेको गोलीको निसाना आज पनि देख्न सकिन्छ ।

**के फागुन ८ भक्तपुरको मात्र सहिद दिवस हो ?**

उज्यालोको निम्ति, स्वतन्त्रता तथा स्वाधीनताको निम्ति हाँसीहाँसी छातीमा तातो गोली थाप्न नहिच्किचाउने सहिदलाई कुनै भूगोलको सीमाभित्र बाँध्न सकिन्न । सहिद कुनै पार्टी विशेषको मात्र रहन्न । नत्र कुनै विचार सङ्कीर्णतामा परिणत हुन्छ ।

नेपालको राजनीतिक परिवर्तनमा २०४६ फागुन ८ गते ऐतिहासिक आन्दोलन सुरु भएको दोस्रो दिन थियो । त्यो प्रारम्भिक धक्का अपितु चोटिलो थियो । दमित भावना विस्फोट हुने क्रममा सहिद बन्न तयार भए युवाहरू ! राजकुमार सुवाल, कृष्णराम दुवाल, हरिकृष्ण भुजु, निर्मलकुमार शाक्यले सहादत प्राप्त गरेपछि देशभर निरङ्कुश पञ्चायती सत्ताविरुद्ध आन्दोलनको आँधीबेहरी सुरु भयो ।

'खेत छिमेकी' (बुँ जलाखला) भएकैले पनि यो पङ्क्तिकारले सहिद सुवाललाई राम्ररी चिन्दथ्यो । कसिलो शरीर भएका गहुँगोरा राजकुमार ! खेती गर्न सिपालु, घरको जेठोबाठो ! उनी नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका सक्रिय कार्यकर्ता थिए । उनको राजनीतिक चेतना सहादतको भूमिका बन्यो ।

**फागुन ८ का पूर्वदृश्यहरू**

भक्तपुरमा जनआन्दोलन उठाउनको निम्ति वस्तुगत परिस्थिति तयार थियो । जनता पुरानो व्यवस्थाबाट आजित भइसकेका थिए भने शासकहरू असफल । तर्कमा हारेको व्यक्ति रिसाएझैं शासकहरू रन्थनिन थालेका थिए । आफ्नै छायादेखि डराउन थालेका शासकहरू विपक्षीलाई कुटिल राजनीतिको सिकार बनाएर पनि चैनको निद्रा सुत्न सकिरहेका थिएनन् । यद्यपि, पञ्चायतका पृष्ठपोषकहरू निभ्न लागेको बत्तीझैं अलि बढी चम्किरहेका थिए ।


भक्तपुरका जनता कुनै पनि हालतमा आन्दोलनलाई सफल बनाउन चाहन्थे किनभने निर्दलीय पञ्चायती व्यवस्थाले सिङ्गो भक्तपुरलाई बन्दीगृह बनाएको थियो । देशभक्त, इमानदार र निःस्वार्थ भावनाले जनसेवाको निम्ति राजनीति गर्ने पार्टी कार्यकर्ताहरूलाई जेलमा कोचिएको थियो । २०४५ साल भदौ ९ गते रातिदेखि पञ्चायती व्यवस्थाले जनताविरुद्ध दमनको ताण्डव चलाएको थियो । जनताले हिँडडुल गर्नसमेत


बाँकी पृष्ठ ७ मा


## सन्दर्भ : सहिद दिवस


# अमर सहिदहरूको सङ्क्षिप्त परिचय



कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)


निर्मलकुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)


राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)


महेश श्रेष्ठ
(२०२३ चैत ४ - २०४७ वैशाख ३०)


पुष्परत्न शाक्य
(२०१९ भदौ १ - २०४६ चैत २६)


हरिकृष्ण भुजु
(२०२७ फागुन २८-२०४६ फागुन ८)

*(तत्कालीन पञ्चायती निरङ्कुश शासन व्यवस्थाविरुद्ध २०४६ सालमा जनआन्दोलनको शङ्खघोष भएको दिन हो फागुन ८ । हरेक न्यायपूर्ण आन्दोलनमा जस्तै २०४६ को फागुन ८ को दिन पनि भक्तपुरमा पञ्चायती शासनविरुद्धको जनसङ्घर्ष सुरु भयो । २०४५ सालको भक्तपुर काण्डमा फसाइएका तत्कालीन नेमकिसका अधिकांश नेता कार्यकर्ता या त जेलजीवन बिताइरहेका थिए अथवा भूमिगत जीवन बिताइरहेका थिए । जनताका आँखाका नानी सरहका नेता-कार्यकर्तालाई पञ्चायती व्यवस्थाले झूटा मुद्दामा फसाएर दुःख दिइरहेको जनतालाई थाहा थियो । गोलीकै भरमा जनतालाई दबाउन सकिने मानसिकता बोकेका पञ्चहरूले जनताको आन्दोलन दबाउने दुष्प्रयास गरे । पञ्चायती व्यवस्था ढाल्न भएको आन्दोलनकै क्रममा भक्तपुरका चार जना युवाहरूले पनि सहादत्त प्राप्त गरे । त्यो बलिदानकै कारण आन्दोलनको रापमा तीस वर्ष जरा गाडेर बसेको पञ्चायत ढल्यो । जनआन्दोलन सफल भयो । आफ्नो जीवन होमेका योद्धाहरूको सम्मानमा हरेक फागुन ८ लाई जनताले सहिद दिवसको रूपमा मनाउँदै आएका छन् ।*

*सहिद दिवसको अवसरमा प्रस्तुत छ, पञ्चायती निरङ्कुशताविरोधी आन्दोलनमा आफ्नो जीवन बलिदान गरी समाज र जनतालाई आदर्शको बाटो देखाउने अमर सहिदहरूको सङ्क्षिप्त जीवनी-सं)*

**सहिद कृष्णराम दुवाल**

सहिद कृष्णराम दुवालको जन्म विसं २०२३ असार ७ गते गोल्मढी टोलको एक किसान परिवारमा भएको थियो । पिता स्व. पूर्णबहादुर र माता कृष्णमायाका कान्छा छोरा दुवालका दुई दाजु, एक भाइ र एक बहिनी छन् । उहाँको पिताको २०४७ असारमा निधन भएको थियो ।

स्व. दुवाल विवाहित हुनुहुन्थ्यो । उहाँको धर्मपत्नी मैयाँ दुवाल हुनुहुन्छ ।

घरको नाजुक अवस्थाको कारण ९-१० वर्षको उमेरमा अध्ययन सुरु गर्नुभएका स्व. दुवालले ४ कक्षासम्म मात्र पढ्नुभयो । अध्ययन गर्ने ठुलो अभिलाषा गरिबीको कारण छोड्नु परे पनि पछि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले सञ्चालन गरेको रात्रि कक्षामा अध्ययन गर्नुभयो । यसरी उहाँ २०४० सालतिर नेक्राविसङ्घमा आबद्ध हुनुभयो ।

स्व. दुवाल छरछिमेकलाई कुनै समस्या आईपर्दा सहयोग गर्न अघि सर्ने गर्नुहुन्थ्यो । कुनै बिरामीलाई अस्पताल लैजान होस् या सभा, सम्मेलन हुँदा पानी पिलाउने अथवा छरछिमेक आफन्तलाई खेती काममा सहयोग गर्न उहाँ पछि नपर्ने स्वभावको हुनुहुन्थ्यो ।

२०४५ भदौ ५ गतेको भूकम्पमा उहाँको घर पनि भत्केको थियो । त्यसबेला उहाँ आफ्नो घरको सामान तह लागिहाल्यो भनेर बस्नुभएन, अन्य पीडितहरूलाई मद्दत गर्न पुग्नुभयो ।

तत्कालीन नेपाल मजदुर किसान सङ्गठनका विभिन्न जनवर्गीय सङ्गठनहरूबाट आयोजना गरिने सभा जुलुसमा उहाँको उपस्थिति नियमितझैँ हुन्थ्यो । त्यस्तै चोटा बैठकहरू राख्न उहाँ सर्कुलर गर्न जाने गर्नुहुन्थ्यो ।

२०४६ फागुन ८ गते उहाँलाई खेतमा जाने आवश्यक काम थियो । खेतमा लैजानुपर्ने आवश्यक सामान खर्पनमा ठीक पारिरहँदा उहाँ जुलुस आएको खबर पाउनासाथ जुलुसमा भाग लिन जानुभयो । तर, त्यो खर्पन बोक्न उहाँ फर्कन पाउनुभएन । जनहत्यारा पञ्चायती सरकारले विषालु डमडम गोलीद्वारा साकोठानिर उहाँको निर्मम हत्या गऱ्यो ।

फुर्सदको बेला क्यारेम खेल्न मनपराउनु हुने स्व. दुवाल परम्परागत नाचगानमा भाग लिने गर्नुहुन्थ्यो । देवीनाचमा उहाँ धेरै पटक नाच्नुभएको थियो । यसबाहेक उहाँ साथीभाइसँग देश विदेशका घटनाहरूबारे कुराकानी गर्न रुचाउनुहुन्थ्यो ।

**सहिद राजकुमार सुवाल**

सहिद राजकुमार सुवालको जन्म विसं २०२५ माघ १० गते भक्तपुरको ब्यासी टोलको एक किसान परिवारमा भएको थियो । पिता रत्नकुमार र माता राजमायाका जेठो छोरा स्व. सुवाल विवाहित हुनुहुन्थ्यो । उहाँले धर्मपत्नी र ८ महिनाकी छोरीलाई छोडेर जानुभएको थियो । उहाँका ५ बहिनी र एक भाइ छन् ।

स्व. सुवालले ७ वर्षको उमेरमा अर्थात् २०३२ सालमा आफ्नो प्राथमिक शिक्षा बासु निमाविबाट सुरु गर्नुभएको थियो । २०३९ माघ ५ देखि प्रभात माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा ग्रहण गरी २०४२ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । त्यही वर्ष उहाँले नवदुर्गा बहुमुखी क्याम्पसमा कानुन अध्ययनको निम्ति प्रवेश हुनुभयो र पछि २०४५ सालमा भक्तपुर बहुमुखी क्याम्पसमा प्रवेश भई मानविकी सङ्कायको प्रथम वर्षको परीक्षा पनि समाप्त गरिसक्नुभएको थियो । तर, परीक्षाफल सुन्न पाउनुभएन ।

विसं २०४२ सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा सक्रिय सदस्य रहनुभएका स्व. सुवाल विद्यार्थी गतिविधिमा र नेपाल मजदुर किसान सङ्गठनको आह्वानमा भएका विभिन्न कार्यक्रम र सङ्घर्षहरूमा निष्ठापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहुन्थ्यो । पञ्चायती राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' षड्यन्त्रअन्तर्गत गुण्डाराजको समयमा पनि उहाँ पार्टीको नीति निर्देशनअनुसार सङ्घर्षको गतिविधिमा निडरताका साथ लाग्नुभयो । ठुलोलाई आदर र सानालाई माया गर्ने स्व. सुवाल मिलनसार हुनुहुन्थ्यो । सैद्धान्तिक वादविवादमा उहाँ अडान लिने प्रवृत्तिको हुनुहुन्थ्यो ।

जनआन्दोलनको तयारीमा सक्रियतापूर्वक लाग्नुभएका स्व. सुवालले शत्रुको अगाडि झुकेर होइन हाँक दिएर वीरगति प्राप्त गर्नुभएको थियो । फागुन ८ गतेको शान्तिपूर्ण एवम् निहत्था जुलुसमाथि टौमढीमा गोली वर्साएपछि उहाँ भाग्नुभएन, बरु छाती फर्काएर पञ्चायती शासकहरूलाई उहाँले चुनौती दिनुभएको थियो । बायाँ छातीमा गोली लागेका घाइते राजकुमारलाई बिहान १० बजेतिर भक्तपुर अस्पतालबाट वीर अस्पताल चलान गरिएको थियो । साँझ साढे पाँच बजेतिर मात्र अपरेसन गरियो । समयमै उपचारको बन्दोबस्त भएको भए सायद उहाँ बच्नुहुन्थ्यो । राति २ बजेतिर उहाँले वीरगति प्राप्त गर्नुभयो । वीरगति प्राप्त गर्ने बेलामा उहाँको गोजीमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घसम्बन्धी कागजात र नेपाल मानव अधिकार सङ्गठनका साधारण सदस्यताको पायड थियो ।

**सहिद हरिकृष्ण भुजू**

सहिद हरिकृष्ण भुजूको जन्म भक्तपुरको वंशगोपाल टोलमा २०२७ फागुन २८ गते भएको थियो । पिता हरिभक्त भुजू र माता कृष्णमाया भुजूका छोरा हरिकृष्णका एक भाइ र एक बहिनी हुनुहुन्छ । हाल उहाँहरू ट्रलिबस पार्क, कटुञ्जेमा बस्नुहुन्छ । उहाँको प्राथमिक शिक्षा काभ्रेको दाप्चास्थित कृष्ण माध्यमिक विद्यालयबाट सुरु भएको थियो । माध्यमिक शिक्षा उहाँले भक्तपुरको विद्यार्थी निकेतन माविमा हासिल गर्नुभयो र एसएलसी उत्तीर्ण गर्नुभयो ।

माध्यमिक शिक्षा उत्तीर्ण भएपछि उहाँ व्यापार पेसामा लाग्नुभयो । राजनैतिकरूपले उहाँ नेपाली काङ्ग्रेसका समर्थक हुनुहुन्थ्यो ।

बगैँचा सफा गर्न निकै रुचाउनुहुने अविवाहित स्व. भुजू परिवारमा प्रिय व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई कुकुर पाल्नमा पनि सोख थियो । उहाँ भलिबल खेल्नुहुन्थ्यो । उहाँले विद्यार्थी जीवनमा विभिन्न प्रतियोगितामा भाग लिनुभएको थियो ।

फागुन ८ गते शान्तिपूर्ण जुलुसमाथि टौमढीमा वर्साएको डमडम गोलीद्वारा उहाँले वीरगति प्राप्त गर्नुभएको थियो ।

**सहिद निर्मलकुमार शाक्य**

सहिद निर्मलकुमार शाक्यको जन्म २०२२ असार १५ गते भक्तपुरको बेखाल, क्वाठडौँ टोलमा भएको थियो । (त्यही घरमा सहिद पुष्परत्न शाक्यको पनि जन्म भएको थियो ।) पिता ज्योतिबज्र शाक्य र माता असलमाया शाक्यका एक्लो छोरो स्व. शाक्यका एक बहिनी हुनुहुन्छ । उहाँहरू भक्तपुर सुकुलढोकामा बस्नुहुन्छ ।

उहाँले श्री पद्म हाइस्कूलबाट माध्यमिक शिक्षा पूरा गर्नुभएपछि भक्तपुर क्याम्पसमा दोस्रो वर्षको परीक्षा दिइसक्नुभएको थियो ।

केही वर्षदेखि राजनैतिक विषयतर्फ बढी रुचि लिन थाल्नुभएका स्व. शाक्य साथीभाइले भनेको कुरामा हार्न नसक्ने स्वभावको हुनुहुन्थ्यो ।

जिम्नास्टिक खेलका राष्ट्रिय खेलाडी भई थुप्रै प्रमाणपत्रहरू प्राप्त गरिसक्नुभएका स्व. शाक्यलाई पन्छीमा विशेषगरी परेवा पाल्ने सोख थियो । उहाँले आफ्नो युवा मनलाई शब्दमा पोखेर केही गीतहरू पनि रचना गर्नुभएको थियो ।

काठमाडौँ उपत्यकामा हुने विविध सभा सम्मेलनमा बरोबर स्रोता बन्न पुग्ने स्व. शाक्यलाई जनआन्दोलनको बेला जुलुस आदिमा भाग नलिन पिताले सम्झाउने गरेको तर फागुन ८ गते बिहानको खाना खाएपछि उहाँ सुपारी किन्न जाने भनी हत्यारा पञ्चायती सरकारसँग सङ्घर्ष गरिरहेका जनतालाई साथ दिन पुग्नुभयो । त्यसदिन बिहानको शान्तिपूर्ण जुलुसमाथि पञ्चायती सरकारले डमडम गोली वर्साएर आन्दोलनकारीहरूको निर्मम हत्या र घाइते बनाएपछि जनता र प्रहरी-सेनामाझ मुठभेड भइरहेको थियो । पञ्चायती व्यवस्थाप्रतिको आफ्नो आक्रोशलाई ढुङ्गा इँटामा समाहित गर्दै प्रशासनसँग सङ्घर्ष गर्दै रहँदा कायरतापूर्वक लुकेर हानेको गोलीबाट उहाँले खिछैँमा वीरगति प्राप्त गर्नुभयो ।

भारतको दिल्ली, कलकत्ता आदि सहरहरूको भ्रमण गर्नुभएका स्व. शाक्य अविवाहित हुनुहुन्थ्यो ।

**सहिद महेश श्रेष्ठ**

जनआन्दोलनको सुरुदेखि नै विभिन्न कार्यक्रममा भाग लिँदै आउनुभएका महेश श्रेष्ठलाई चैत २४ गते गोली लाग्यो । उहाँले उक्त दिन कीर्तिपुरबाट आएको विशाल जुलुसलाई नेतृत्व गरिरहनुभएको थियो । जुलुस रत्नपार्कतिर पस्नु थियो । तर, प्रहरीसँग रानीपोखरी र राष्ट्रिय नाचघरको बिच कमलाक्षीमा भिडन्त सुरु भयो । त्यही समयमा प्रहरीले गोली चलायो । त्यसमध्येको एउटा गोलीले महेश श्रेष्ठलाई लडायो ।

त्यसको एक महिना ६ दिनपछि वीर अस्पतालमा उपचार गर्दागर्दै उहाँले वीरगति प्राप्त गर्नुभयो । टाउकोको बायाँपट्टि लागेको गोलीको पीडा कष्टपूर्वक सहनु परेको थियो । २०२४ फागुन ५ गते भक्तपुर बोलाछेँमा जन्मनुभएका सहिद महेश श्रेष्ठको आमाको नाम गंगादेवी हो । उहाँको पिताको नाम वर्णगोपाल श्रेष्ठ हो । उहाँका दुई दाजुहरू हुनुहुन्छ ।

एसएलसीसम्मको अध्ययनपछि उहाँ एउटा साधारण इलेक्ट्रीसियनको रूपमा काम गर्दै रहनुभएको थियो । २०४६ मा रचना श्रेष्ठसँग उहाँको विवाह भएको थियो । महेश श्रेष्ठले २०४७ वैशाख ३० गते यस धर्तीबाट बिदा लिनुभयो ।

यसरी सहिद महेश श्रेष्ठले आफ्नो अमूल्य जीवन प्रजातन्त्रको बहालीको लागि अर्पण गर्नुभयो ।

**सहिद पुष्परत्न शाक्य**

सहिद पुष्परत्न शाक्यको जन्म २०१९ भदौ १ गते भक्तपुरको क्वाठडौँ बेखाल टोलमा भएको थियो । (त्यही घरमा सहिद निर्मलकुमार शाक्यको पनि जन्म भएको थियो ।) पिता मुक्तिरत्न शाक्य र माता न्हुछेमाया शाक्यका एक्लो छोरा स्व. पुष्परत्न विवाहित हुनुहुन्थ्यो । उहाँका धर्मपत्नी विजयलक्ष्मी शाक्य र छोरा पुजनरत्न शाक्य हुनुहुन्छ ।

उहाँले आफ्नो १० कक्षासम्मको शिक्षा भक्तपुरको पद्म हाइस्कूलमा अध्ययन गर्नुभएको थियो । एसएलसीको परीक्षा दिँदै हुनुहुन्थ्यो ।

उहाँले आफ्नो जीविकोपार्जनको माध्यम सुनार पेसाबाट सुरु गर्नुभएको थियो । तर, पछि उहाँ सिलाइमा लाग्नुभयो र नयाँ नयाँ डिजाइनका ज्याकेटहरू तयार गर्नमा ध्यान दिनुभयो ।

नेपाल मजदुर किसान सङ्गठनसँग विधिवत आबद्ध नरहे पनि उहाँ सङ्गठनको क्रियाकलापमा सहानुभूति राख्नुहुन्थ्यो । स्व. शाक्यले स्थानीय पुस्तकालय स्थापनामा योगदान दिनुभएको थियो । पत्रपत्रिका र कथाकहानी पढ्न रुचाउनुहुने उहाँ आफू काम गर्ने काठमाडौँ नयाँ सडकस्थित न्यु ह्यूमेन फिट टेलरका सहकर्मीहरूसँग नेमकिससम्बन्धी बढी कुराकानी गर्ने गर्नुहुन्थ्यो ।

फुर्सदको बेला चेस खेल्न मनपराउनु हुने स्व. शाक्य साथीभाइबीच हाँसोठट्टा गर्नुहुन्थ्यो ।

जनआन्दोलन सुरु भएपछि पसलहरू बन्द गराउन, बत्ती निभाउन, आन्दोलनबारे चर्चा परिचर्चा चलाएर सघाउन र आन्दोलनसम्बन्धी पर्चाहरू घरका परिवारहरूलाई समेत पढेर सुनाउनुहुने स्व. शाक्य आफ्नी धर्मपत्नीलाई पाठपूजा गर्दा पञ्चायती व्यवस्थाको अन्त्यको पनि कामना गर्नुपर्छ भनी पञ्चायती शासनप्रतिको आफ्नो आक्रोश व्यक्त गर्नुहुन्थ्यो ।

काठमाडौँमा कर्फ्यु घोषणा भएपछि उहाँ घर फर्कन पाउनुभएन । चैत २६ गते राति निर्दलको अन्त्य भएको घोषणा हुनासाथ प्रफुल्लित भएर 'बहुदल जिन्दावाद' को नाराले पञ्चायती कालरात्रिलाई च्यात्न निस्कनुभएका स्व. शाक्यलाई भेडासिंहमा शाही सेनाको गोली लाग्यो । यसरी बहुदल व्यवस्था पुनः बहालीपछि वीरगति प्राप्त गर्नेहरूमा स्व. शाक्य पनि अग्रणी हुनुहुन्छ ।

*तत्कालीन पञ्चायती निरङ्कुश शासन व्यवस्थाविरुद्ध २०४६ सालमा जनआन्दोलनको शङ्खघोष भएको दिन हो फागुन ८ । हरेक न्यायपूर्ण आन्दोलनमा जस्तै २०४६ को फागुन ८ को दिन पनि भक्तपुरमा पञ्चायती शासनविरुद्धको जनसङ्घर्ष सुरु भयो । २०४५ सालको भक्तपुर काण्डमा फसाइएका तत्कालीन नेमकिसका अधिकांश नेता कार्यकर्ता या त जेलजीवन बिताइरहेका थिए अथवा भूमिगत जीवन बिताइरहेका थिए । जनताका आँखाका नानी सरहका नेता-कार्यकर्तालाई पञ्चायती व्यवस्थाले झूटा मुद्दामा फसाएर दुःख दिइरहेको जनतालाई थाहा थियो । गोलीकै भरमा जनतालाई दबाउन सकिने मानसिकता बोकेका पञ्चहरूले जनताको आन्दोलन दबाउने दुष्प्रयास गरे । पञ्चायती व्यवस्था ढाल्न भएको आन्दोलनकै क्रममा भक्तपुरका चार जना युवाहरूले पनि सहादत्त प्राप्त गरे ।*



युरोपेली देश इटालीको राजधानी रोममा चिनियाँ नयाँ वर्ष मनाउने क्रममा चिनियाँ ड्रागन नाच नचाउन सिक्दै एक इटालेली युवक र अवलोकन गर्दै स्थानीय पदयात्री फेब्रुअरी १८, २०२४ का दिन । *तस्बिर : सिन्ह्वा*

# चिनियाँ विद्यार्थीमाथिको ‘उत्पीडन’ अन्त्य गर्न अमेरिकासँग पेइचिङको आग्रह

पेइचिङ, १९ फेब्रुअरी (एएफपी) । चीनका सार्वजनिक सुरक्षामन्त्रीले भियनामा भएको भेटमा अमेरिका प्रवेश गर्ने चिनियाँ विद्यार्थीमाथिको ‘अपमानजनक व्यवहार’ रोक्न अमेरिकी गृहसुरक्षा मन्त्रीलाई आग्रह गरेका छन् ।

यात्राका लागि वैध कागजात भएका चिनियाँ नागरिकलाई अमेरिकी विमानस्थलमा कडाइका साथ अनावश्यक सोधपुछ गर्ने गरेको र निर्वासनको सामना गर्नुपरेको पेइचिङले बारम्बार आरोप लगाउँदै आएको छ ।

गत महिना वासिङ्टनस्थित दूतावासले चिनियाँ यात्रुलाई राजधानीको डुलेस विमानस्थलबाट टाढै रहन भनेको थियो ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार वाङ सियाओहोङ र अलेजान्ड्रो मेयरकासबिच आइतबार भएको वार्ताको पूर्वसन्ध्यामा वासिङ्टनले ‘कुनै स्पष्ट कारणबिना चिनियाँ विद्यार्थीलाई अपमानजनक व्यवहार र जाँच गर्न बन्द गर्नुपर्ने’ पेइचिङले बताएको छ ।

मेयरकाससँगको भेटमा वाङले संयुक्त राज्य अमेरिकालाई ‘चिनियाँ नागरिकहरूले उचित प्रवेश व्यवहार र पूर्ण सम्मानको आनन्द लिने सुनिश्चित गर्न’ आग्रह गर्नुभएको थियो ।

वाङले चीनलाई लागुऔषध ओसारपसार गर्ने वा उत्पादन गर्ने प्रमुख देशको सूचीमा राख्ने अमेरिकी निर्णयलाई ‘सच्याउन’ मेयरकासलाई दबाब दिनुभयो ।

हेरोइनभन्दा कैयौँ गुणा शक्तिशाली र संयुक्त राज्य अमेरिकामा वर्षेनी ७० हजारभन्दा बढी मानिसको मृत्यु हुने फेन्टानिलको व्यापारमा चीनको संलग्नता रहेको अमेरिकी अधिकारीहरूले आरोप लगाउँदै आएका छन् ।

गत महिना पेइचिङमा अमेरिकी र चिनियाँ अधिकारीहरूले फेन्टानिल बनाउने सामग्रीको उत्पादन रोक्न सहकार्य गर्न सहमत भएका थिए ।

आइतबारको वार्ताको एक अमेरिकी विज्ञप्तिमा भनिएको छ, “वाङ र मेयरकासले पूर्ववर्ती रसायनहरूको फैलावट रोक्न आवश्यक कदमहरूबारे स्पष्ट र रचनात्मक छलफल गरेका थिए ।”

दुवै पक्षले कानुन कार्यान्वयन सहयोग, वैज्ञानिक र अन्य विशेषज्ञहरूबिच प्राविधिक द्विपक्षीय आदानप्रदान, अग्रगामी रसायनहरूको तालिका र बहुपक्षीय सहयोगलाई अगाडि बढाउने सम्बन्धमा पनि प्रतिबद्धता व्यक्त गरेका छन् ।

वासिङ्टन र पेइचिङले बालबालिकालाई अनलाइन बाल यौन शोषण र दुर्व्यवहारबाट जोगाउने लडाइँमा सहयोग विस्तार गर्ने विषयमा पनि छलफल गरेका छन् ।

वासिङ्टनले पेइचिङसँग वार्तालाई अघि बढाएपछि चीन र संयुक्त राज्य अमेरिकाबिचको सम्बन्ध विगत एक वर्षमा गहिरो भएको छ ।

तर, चीन सरकार अझै पनि उन्नत सेमीकन्डक्टरको निर्यातमा प्रतिबन्ध र चिनियाँ फर्म र व्यक्तिहरूमाथि प्रतिबन्धसहित अमेरिकी उपायहरूको विरोध गर्दछ ।

गत साता म्युनिखमा भएको वार्तामा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई अमेरिकाले ‘गैरकानुनी एकतर्फी प्रतिबन्ध हटाउनुपर्ने’ बताउनुभएको थियो ।

चिनियाँ विदेशमन्त्री वाङले अमेरिकालाई चिनियाँ नागरिकमाथि अवाञ्छित उत्पीडन र सोधपुछ बन्द गर्न पनि आग्रह गर्नुभएको छ ।

# दक्षिण कोरिया : सरकारद्वारा आन्दोलनरत चिकित्सकलाई काममा फर्कन निर्देशन

सियोल, १९ फेब्रुअरी (एएफपी) । प्रशिक्षार्थी चिकित्सकले चिकित्सा तालिम सुधारको विरोधमा सामूहिक राजीनामा दिएपछि दक्षिण कोरियाले उनीहरूलाई सोमबार काममा फर्कन आदेश दिएको छ ।

दक्षिण कोरियाले विकसित देशहरूमध्ये सबैभन्दा कम चिकित्सक र जनसङ्ख्याको अनुपात रहेको बताएको छ र सरकारले डाक्टरहरूको सङ्ख्या बढाउन कडा प्रयास गरिरहेको छ ।

तर, चिकित्सकहरूले मेडिकल कलेजमा भर्ना दर बढाउने सरकारको नयाँ योजनाको चर्को विरोध गर्दै यसले सेवा प्रवाहको गुणस्तरमा असर पार्ने दाबी गरेका छन् । आलोचकहरूका अनुसार चिकित्सकहरू मुख्यतया सुधारले उनीहरूको तलब र सामाजिक स्थितिलाई खस्कन सक्ने चिन्तामा छन् ।

सोमबार सरकारले कानुनी कारबाहीको चेतावनी दिए पनि सयौँ प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिएका थिए र मङ्गलबारदेखि काम बन्द गर्ने तयारी गरेका थिए ।

“सरकारले चिकित्सकहरूलाई काम रोक्न नदिनका लागि कानुनी उपायको खोजी गर्दै सबै प्रशिक्षार्थी चिकित्सकहरूको लागि उपचार व्यवस्थापन आदेश जारी गरेको छ,” दोस्रो उप-स्वास्थ्य मन्त्री पार्क मिन-सोले एक पत्रकार सम्मेलनमा बताउनुभयो ।

दक्षिण कोरियाको चिकित्सा कानुनअनुसार अत्यावश्यक सेवामा रहेको मानिएका चिकित्सकलाई सामूहिक विरोध वा प्रदर्शन गर्न रोक लगाइएको छ ।

उहाँले भन्नुभयो, “म प्रशिक्षार्थी चिकित्सकलाई आग्रह गर्दछु कि बिरामीको उपचारबाट पछि नहट्नुहोस्, चिकित्सकहरू हडतालमा सामेल भए/नभएको जाँच्न सरकारले अस्पतालहरूको निरीक्षण गर्नेछ ।”

प्रहरीले मुख्यतया काम रोक्न ‘उक्साउनेहरू’ लाई पक्राउ गर्न सक्ने चेतावनी दिएको छ ।

प्रशिक्षण सुधारले सन् २०२५ देखि मेडिकल विद्यालयहरूमा भर्ना हुने विद्यार्थीहरूको सङ्ख्यामा ६५ प्रतिशतले वृद्धि गर्न आह्वान गरेको छ ।

यो योजना जनतामाझ लोकप्रिय छ । विशेषज्ञहरू भन्छन्, “अस्पतालहरूमा लामो समय चिकित्सकको प्रतीक्षा गर्ने समस्याबाट थकित छन् । हालै कोरियन ग्यालप सर्वेक्षणले ७५ प्रतिशत भन्दा बढी उत्तरदाताहरूले राजनीतिक सम्बद्धताको परवाह नगरी योजनाको पक्षमा उभिएका देखाएको छ ।”

तर, कोरियाली मेडिकल एसोसिएसनले सरकारको कानुनी कारबाहीको चेतावनी ‘बोक्सीको शिकार’ सरह भएको र यो योजनाले ‘क्युवाली शैलीको समाजवादी चिकित्सा प्रणाली’ निर्माण गर्ने दाबी गरेको छ भने चिकित्सकहरूले पनि यसको चर्को विरोध गरेका छन् ।

उपमन्त्री पार्कले दक्षिण कोरियाको पाको उमेरको तीव्र वृद्धि रहेको समाजमा यो योजना आवश्यक रहेको र हालको कोटा कायमै रहेमा चिकित्सकहरू ‘तीव्र मागका साथ अभिभूत’ हुने बताउनुभएको छ ।

पार्कले भन्नुभयो, “अस्पतालहरूलाई अहिले चिकित्सक खोज्न गाह्रो भइरहेको छ र समयमै स्वास्थ्य सेवा प्राप्त गर्न समस्या बारम्बार आउने गरेको छ ।”

हालसम्म ७०० भन्दा बढी प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिइसकेको सरकारले जनाएको छ ।

रक्षा मन्त्रालयले चिकित्सकले हडताल अघि बढाएमा सैनिक अस्पतालको इमर्जेन्सी वार्ड सर्वसाधारणका लागि खुला गर्ने र सैन्य चिकित्सकलाई नागरिक अस्पतालहरूमा पठाउनेबारे विचार गरिरहेको जनाएको छ ।

## विश्व सङ्क्षेप

### युक्रेनमा शान्ति स्थापनाका लागि चीनले रचनात्मक भूमिका निर्वाह गर्नेछ : विदेशमन्त्री वाङ

म्युनिख, जर्मनी, १९ फेब्रुअरी (सिन्ह्वा) । चीनका विदेशमन्त्री वाङ यीले युक्रेनमा जारी द्वन्द्वको शीघ्र अन्त्य र शान्ति बहालीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने र आशाको किरण रहुन्जेल हार नमान्ने बताउनुभएको छ । वाङले युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबासँग जारी म्युनिख सुरक्षा सम्मेलनका क्रममा भएको भेटमा उक्त भनाइ राख्नुभएको हो ।

चीन र युक्रेनबिच धेरै वर्षअघि रणनीतिक साझेदारी भएको र दुई देशका जनताबिच परम्परागत मित्रता रहिआएको उल्लेख गर्दै वाङले अन्तर्राष्ट्रिय परिस्थितिमा जस्तोसुकै परिवर्तन आए पनि युक्रेनसँगको सम्बन्ध सामान्यरूपमा विकसित हुने र यसले दुई देशका जनतालाई फाइदा पुऱ्याउने अपेक्षा गरेको बताउनुभयो ।

आपत्कालीन अवस्थामा चिनियाँ सैनिकलाई सकुशल बाहिर निकाल्न सहयोग गरेकोमा युक्रेनी पक्षप्रति पुनः कृतज्ञता व्यक्त गर्दै उहाँले चिनियाँ जनताले कहिल्यै नबिर्सने बताउनुभयो । वाङले युक्रेनको मुद्दामा चीनको स्थितिको बारेमा विस्तृत जानकारी दिँदै चीनले महत्त्वपूर्ण मुद्दाहरूको राजनीतिक समाधान र शान्ति वार्तालाई बढावा दिने कुरामा जोड दिनुभयो ।

कुलेबाले युक्रेन चीनसँग मैत्रीपूर्ण आदानप्रदान कायम राख्न र द्विपक्षीय सम्बन्धको थप विकासका लागि जोड दिन इच्छुक रहेको बताउनुभयो ।

विश्व मामिलामा चीनको महत्त्वपूर्ण प्रभाव रहेको र युक्रेनले युक्रेन सङ्कटको राजनीतिक समाधानका लागि चीनले जारी गरेको ‘पोजिसन पेपर’ को उच्च प्रशंसा गरेको कुलेबाले बताउनुभयो । युक्रेनी पक्षले चीनले शान्ति प्रबर्द्धनमा अद्वितीय रचनात्मक भूमिका निर्वाह गरिरहने आशा गरेको र युरेसियन मामिलामा चिनियाँ सरकारका विशेष प्रतिनिधिसँग सम्पर्क बलियो बनाउन इच्छुक रहेको उहाँले बताउनुभयो ।

### पपुवा न्यु गिनीको पहाडी इलाकामा भएको जातीय भिडन्तमा कम्तीमा ६४ जनाको मृत्यु

सिड्नी, १९ फेब्रुअरी (एएफपी) । पपुवा न्यू गिनीको उच्च पहाडी क्षेत्रमा भएको जातीय द्वन्द्वमा परी कम्तीमा ६४ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन् ।

पपुवा न्यूगिनीको स्थानीय पत्रिका पोस्ट कुरियरका अनुसार एङ्गा प्रान्तको वापेनामान्डाको प्रहरीले आइतबार बिहानदेखि सुरु भएको भिडन्तपछि सडक किनार, घाँसे मैदान र पहाडबाट ६४ जनाको शव फेला परेको पुष्टि गरेको छ । सुरक्षाकर्मीले झाडीमा अझै केही शव रहेको बताएका छन् ।

यसअघि अस्ट्रेलियाली समाचार संस्था एबिसी न्युजले आदिवासी समुदायबिचको भिडन्तमा कम्तीमा ५३ जनाको मृत्यु भएको र झाडीमा अझै धेरै मानिसको मृत शरीर रहेको हुनसक्ने बताएको थियो ।

रोयल पपुवा न्यू गिनी कान्स्टेबुलरीका कार्यवाहक सुपरिटेन्डेन्ट जर्ज काकासले भन्नुभयो, “मैले एङ्गामा देखेको यो अहिलेसम्मकै सबैभन्दा ठुलो सामूहिक हिंसा हो । एबीसी न्यूजका अनुसार सन् २०२३ मा ६० जनाभन्दा बढीको ज्यान लिने आदिवासी समुदायको लडाइँ यही जनजातिसँग सम्बन्धित रहेको बुझिएको छ । बढ्दो जनजातीय द्वन्द्व नियन्त्रणका लागि एङ्गा प्रान्तमा सन् २०२२ मा केही महिनाका लागि लकडाउन गरिएको थियो ।

### पूर्वी अफगानिस्तानमा गएको पहिरोमा परी २५ जनाको मृत्यु

काबुल, १९ फेब्रुअरी (सिन्ह्वा) । पूर्वी अफगानिस्तानको नुरिस्तान प्रान्तको नोर्गाराम जिल्लामा आइतबार पहिरो जाँदा कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै दस जना घाइते भएको स्थानीय प्रशासक कारी हबिबुल्लाह साबिरले सोमबार बताउनुभएको छ । अधिकारीका अनुसार आइतबार राति नोरगरम जिल्लाको तातिन दारा क्षेत्रमा भारी वर्षा र हिउँ परेपछि भएको दुर्घटनामा महिला तथा बालबालिकालगायतका धेरै व्यक्ति परेका छन् । उनीहरूका अनुसार उद्धार कार्य जारी छ । पहिरोका कारण कम्तीमा २० वटा घरहरू क्षतिग्रस्त भएका छन् । घटनाको पुष्टि गर्दै राष्ट्रिय विपद् अधिकारीका प्रवक्ता मुल्लाह जानान स्याकले दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या परिवर्तन हुनसक्ने बताउनुभयो ।

राजधानी सहर काबुलसहित अफगानिस्तानका केही भागहरूमा आइतबार दिउँसोदेखि वर्षा र हिमपात भइरहेको छ ।

### ड्रागन वर्षको वसन्त चाडबाट आन्तरिक पर्यटनमा अभूतपूर्व वृद्धि

पेइचिङ, १९ फेब्रुअरी (सीआरआई) । यस ड्रागन वर्षको वसन्त चाडको अवधिमा बाह्य क्षेत्रले चिनियाँ अर्थतन्त्रले विश्वलाई न्यानो तापक्रम प्रदान गरेको छ । स्वदेशमा पर्यटन गरेका चिनियाँहरूको सङ्ख्या ४७ करोड ४० लाख पुगेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ३४.३ प्रतिशतले वृद्धि भएको छ ।

उनीहरूको कुल खर्च ६ खर्ब ३२ अर्ब ६८ करोड ७० लाख चिनियाँ युआन पुगेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ४७.३ प्रतिशतले वृद्धि भएको हो । चीनको वसन्त चाडको अवधिमा ‘निकै तातो’ भएको उपभोग बजार ड्रागन वर्षको आर्थिक विकासका लागि एउटा राम्रो सुरुवात हो ।

चालु वर्षको वसन्त चाड चीनमा कोभिड महामारीको प्रतिरोध तथा नियन्त्रणको कदम परिवर्तन भएपछि पहिलो सामान्य वसन्त चाड हो । नयाँ प्रविधिको सहायतामा डिजिटल तथा बुद्धिमान विशेषता भएको नयाँ ढाँचाको उपभोगले उपभोक्ताहरूको उत्साहलाई हौसला दिएको छ ।

# जनआन्दोलनबाट प्राप्त अधिकार उपयोग गर्दै नेमकिपा समाजवादी प्रचार अभियानमा

*(पञ्चायती व्यवस्था अन्त्य गरी बहुदलीय व्यवस्था स्थापना या राजनीतिक र मौलिक अधिकार प्राप्त गर्न २०४६ साल फागुन ७ गतेदेखि संयुक्त जनआन्दोलन भएको थियो । वाम मोर्चा र नेकाको संयुक्त आयोजनामा भएको उक्त आन्दोलनको क्रममा फागुन ८ गते नेपाल बन्द थियो । नेपाल बन्द सफल पार्न नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समितिको नेतृत्वमा भक्तपुरमा जुलुस प्रदर्शन तथा सभा भएको थियो । त्यस आन्दोलनकै सेरोफेरोमा रहेर नेक्राविसङ्घ जिल्ला समिति भक्तपुरका तत्कालीन अध्यक्ष रवीन्द्र खर्बुजासँग भएको कुराकानीको सङ्क्षिप्त जानकारी यहाँ प्रस्तुत छ ।-सं)*

***२०४६ फागुन ८ गतेको पृष्ठभूमिबारे केही बताइदिनुहुन्छ कि ?***

नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि नै पञ्चायती व्यवस्थाको विरोधमा थियो । नेमकिपाले लेनिनवादी सिद्धान्तअनुसार प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवा गर्न पञ्चायती चुनाव उपयोग गर्दै आएको थियो । कानुनी र गैरकानुनी सङ्घर्षमार्फत पञ्चायती व्यवस्थाविरुद्ध जनतालाई सचेत र सङ्गठित गर्ने काममा नेमकिपा लागेको थियो । नेमकिपाले २०३६ चैत १२ गते पञ्चायती व्यवस्थाको विरोध एवम् बहुदलीय व्यवस्थाको प्रचार गर्न भक्तपुर-काठमाडौँसम्म ऱ्याली गरेको थियो । नेमकिपाले यसरी पञ्चायती व्यवस्थाविरुद्ध निरन्तर सङ्घर्ष गरिरहेको हुँदा पञ्चायती सरकारले भक्तपुरलगायत पञ्चिमाञ्चलका जुम्ला, दैलेख, कालीकोट जिल्लामा निर्मम दमन गरेको थियो । २०४५ सालमा पार्टी नै समूल नष्ट हुने गरी राज्यस्तरबाट भक्तपुर काण्ड रचिएको थियो । उक्त काण्डमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सहित ६७ जनालाई ज्यानको मुद्दा लगाइएको थियो । २०४६ फागुन ७ गतेदेखि वाममोर्चा र नेकाको संयुक्त जनआन्दोलन भएको थियो । आन्दोलन उचाइमा पुग्यो र पञ्चायती व्यवस्था अन्त्य भयो ।

***२०४६ फागुन ८ को घटना विवरणबारे जानकारी दिनुहुन्छ कि ?***

संयुक्त जनआन्दोलनको पहिलो चरणको कार्यक्रमअनुसार फागुन ८ गते नेपाल बन्द थियो । आन्दोलन सफल पार्न फागुन ७ गते विभिन्न जिम्मा दिइएको थियो । त्यस जिम्माअनुसार बन्द सफल पार्न बिहानदेखि साथीहरू सक्रिय थिए । भक्तपुर नगरभित्र तत्कालीन पञ्चहरू बन्द असफल बनाउन पसल खोल्दै थिए । बन्द सफल पार्न फागुन ८ गते बिहान साथीहरू सूर्यमढी पुगे । सूर्यमढीबाट सानो कोणसभापछि जुलुस सुरु भयो । अर्को कोणसभा तलातुंछीमा पनि भयो । पसल बन्द गर्न अनुरोध गर्दै प्रदर्शनकारीहरू दत्तात्रय हुँदै वाचु टोलनेर पुगेपछि प्रहरी भ्यान आयो । प्रहरीहरू छेउमा लागे । जुलुस गोल्मढी र सुकुलढोकामा पुग्दा प्रहरीले जुलुस रोक्ने प्रयास गरे पनि असफल भयो । तौमढीमा पुगी आधी प्रदर्शनकारी नासमनातर्फ गइसकेपछि प्रहरीले गोली चलायो । गोलीबाट राजकुमार सुवाल र हरिकृष्ण भुजु त्यही ढले, सहिद भए र दर्जनौँ घाइते भए । साकोठामा कृष्णराम दुवाल र त्रिपुरासुन्दरीमा निर्मलकुमार शाक्यलाई गोली लाग्यो र सहिद भए । नासमनामा सभा गरी जुलुस सम्पन्न भयो । तर पनि ठाउँ-ठाउँमा गोली चलाइयो । गोलीबाट दुई दर्जन जति घाइते भए । प्रहरीहरूले घरको ढोका फोड्दै छाना छानासम्म पुगेर आतङ्कित पारे । उक्त दिन रातिसम्म प्रदर्शनकारीहरूले प्रहरीसँग भिड्दै थिए ।

***शान्तिपूर्ण जुलुसमा गोली चलाउनुपर्ने कारण के थियो ?***

शान्तिपूर्ण जुलुसमा गोली चलाउनुपर्ने स्थिति देखिँदैन । तर, त्यस शान्तिपूर्ण प्रदर्शनमा प्रतिबन्धित गोली चलाइयो । यसमा दोषी पञ्चायती शासकहरू नै थिए ।

***सहिद र घाइतेहरूको स्थिति के कस्तो थियो ?***

गोली लागी सहिद भएकाहरूको शव कहाँ लग्यो, कसैलाई थाहा थिएन । दोस्रो दिन फागुन ९ गते वीर अस्पतालमा शव राखिएको हल्ला भयो । हामी वीर अस्पतालमा पुग्यौँ । तर, त्यहाँ देखाइएन । घाइतेहरू अस्पतालमा थिए । डाक्टरसँग मेरो परिचय भयो । घाइतेहरूको स्थिति बुझ्न के थालनी भएको थियो प्रहरीहरू कोठातिर आए । मलाई ढोकाबाट बाहिर लान प्रहरीले दबाब दियो । प्रहरी र डाक्टरबिच वादविवाद भयो । बिरामी भएको ठाउँमा डाक्टरको अनुमति बेगर आउन नपाउने डाक्टरले भने । तर, प्रहरी जवान 'अपराधी' हरूलाई जे पनि भन्न र गर्न सक्छु भनी जङ्गिए । केही दिन घाइतेहरूलाई अस्पतालमै राखे । कतिलाई सेन्ट्रल जेल पठाइयो भने कति हिरासतमै राखियो । अन्ततः बहुदल स्थापना भयो र चैत २७ गते सेन्टर जेलमा रहेका र हिरासतमा रहेका साथीहरू छुटे ।

***फागुन ८ को गोलीकाण्डबाट जनआन्दोलनमा कुनै असर परेन ?***

फागुन ८ गते भक्तपुरमा चलेको गोलीले चारजना युवा-विद्यार्थीहरू सहिद भएको समाचार एक कान दुई कान मैदान हुँदै जिल्लाजिल्लामा फैलियो । जिल्लाजिल्लामा आन्दोलन अगाडि बढ्यो । आन्दोलन विफल पार्न पञ्चायती सरकारले केन्द्रीय आन्दोलन प्रतिकार समिति बनायो; जिल्ला-जिल्लामा तत्कालीन जिल्ला सभापतिको अध्यक्षतामा आन्दोलन प्रतिकार समिति गठन गरेको थियो ।

आन्दोलन भक्तपुर, काठमाडौँ, ललितपुर, धनुषा, जनकपुर, विराटनगर हुँदै देशभर फैलिँदै थियो । धनुषा र काठमाडौँलगायत अन्य स्थानमा पनि गोली चलाइयो र प्रहरी दमन गरियो । आन्दोलनको समयमा १९ जना सहिद भए । अन्ततः पञ्चायती व्यवस्था ढल्यो र देशमा प्रजातन्त्र पुनःस्थापना भयो ।

***फागुन ८ गतेको घटनापछि भक्तपुरको आन्दोलनको अवस्था कस्तो रह्यो ?***

अकल्पनीय घटना घट्दा जनतामा सन्त्रास पैदा हुनु स्वाभाविक थियो । आन्दोलनमा सहभागी दलहरूको भूमिगत बैठक हुन्थ्यो । पार्टी प्रतिबन्धित अवस्थामा रहेको हुँदा त्यसबेला विद्यार्थी सङ्गठनको बैठक हुन्थ्यो । आन्दोलन रोकिएन । बरु आन्दोलनले व्यापकता पायो र पञ्चायती व्यवस्था नढाली हुँदैन भनी आन्दोलनकारीहरू लागे ।

हो, बहुदलीय व्यवस्थामा दल खोल्न पाइन्छ, सभा सङ्गठन गर्न पाइन्छ । तर, बहुदलीय व्यवस्थाले पनि बहुमत जनताको हित गरेन । दलहरू सत्तामुखी भए । जनतामा ऋणको बोझ बढ्यो । कलकारखाना निजीकरण गरियो । रोजगारीको नाउँमा युवाहरू बिदेसिँदै छन् । पुँजीवादी व्यवस्था पुँजीपतिवर्गको सञ्चालक समिति रहेछ भन्ने थाहा भयो । भ्रष्टाचार पुँजीवादको छाया साबित भयो । बहुदलको एक चम्चा पानीले जनताको समस्या समाधान नहुने ठानेरै आन्दोलनबाट प्राप्त अधिकार उपयोग गर्दै नेमकिपा समाजवादी प्रचार अभियानमा लाग्यो र लाग्दै छ ।

# मेलम्ची आयोजनामा भ्रष्टाचार : ६ अर्ब ४१ करोडभन्दा बढी बिगो दाबी गर्दै ४ पूर्वसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर

**✍ सुरेन्द्र काफ्ले**

मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको तथ्य बाहिर आएको छ । खानेपानी मन्त्रलायका ४ सचिवसहित आयोजनाका पूर्वपदाधिकारीले निर्माण कम्पनीसँग मिलेर भ्रष्टाचार गरेको तथ्य खुलेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ६ अर्ब ४१ करोडभन्दा बढी बिगो कायम दाबी गर्दै १५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । खानेपानी मन्त्रालयका तत्कालीन ४ सचिवसहित परामर्शदाता, निर्माण कम्पनीलाई प्रतिवादी बनाइएको छ । पूर्वसचिव भीमप्रसाद उपाध्याय, डा. सञ्जय शर्मा, गजेन्द्रकुमार ठाकुरसहित निर्माण आयोजनाका पदाधिकारीले मौजुदा कानुन एवं सम्झौताको शर्त पालना नगरी ठेक्का व्यवस्थापनमा असक्षम देखिएको निर्माण व्यवसायीलाई अनुचित आर्थिक लाभ पुऱ्याएको देखिएको अख्तियार प्रवक्ता एवं सहसचिव नरहरि घिमिरेले जानकारी दिए ।

उनका अनुसार मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड अध्यक्ष एवं खानेपानी मन्त्रालयका सचिव डा. सञ्जय शर्माविरुद्ध ६ करोड ९७ लाख ८३ हजार १७८ बिगो र १३ वर्षसम्म कैद तथा बिगो बराबरको जरिवाना असुलको माग गरिएको छ । यसैगरी भीमप्रसाद उपाध्यायलाई ४ करोड ११ लाख ३४ हजार २७९ बिगो तथा १३ वर्षसम्म कैद तथा बिगो असुलको माग गरिएको छ । अर्का पूर्वसचिव एवं तत्कालीन बोर्ड अध्यक्ष गजेन्द्रकुमार ठाकुरलाई ६० करोड ४९ लाख १९ हजार ८ सय ८४ बिगो र १३ वर्ष कैद तथा बिगो असुल उपरको माग गरिएको छ ।

यसैगरी मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङलाई पनि प्रतिवादी बनाइएको छ । उनी हाल अध्यागमन विभागका महानिर्देशक छन् । उनलाई ११ करोड ९ लाख १७ हजार ४ सय ५८ बिगो र १० वर्षसम्म कैद सजायको माग गरिएको छ ।

यस्तै अर्थ मन्त्रालयका तत्कालीन सचिव तथा तत्कालीन बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेललाई ६ करोड ९७ लाख ८३ हजार १ सय ७८ बिगो र १० वर्षसम्म कैद माग दाबी गरिएको छ । अर्का बोर्ड सदस्य चन्द्रबहादुर थापालाई ७१ करोड ५८ लाख ३७ हजार ६ सय ४३ बिगो र १० वर्षसम्म कैद माग गरिएको छ ।

यसैगरी समितिका पूर्वकार्यकारी निर्देशक घनश्याम भट्टराईलाई २२ करोड ७५ लाख १९ हजार ८ सय ९६, रामचन्द्र देवकोटालाई ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ र सूर्यराज कँ डेललाई ८९ करोड ८ लाख ९८ हजार २ सय ८५ बिगो र १३ वर्षसम्म कैद सजायको माग गरिएको छ । यस्तै समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, बेगनाथ पौडेललाई जनही ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ बिगो माग गरिएको छ ।

केदारप्रसाद अर्याललाई ४४ करोड ७३ लाख ७३ हजार ७२ बिगो माग गरिएको छ । उनीहरूलाई १० वर्षसम्म कैद सजायको माग पनि गरिएको छ । समितिका तत्कालीन उपकार्यकारी निर्देशक भोजविक्रम थापालाई ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ बिगो र १० वर्ष कैद सजाय माग गरिएको छ ।

अख्तियारले परामर्शदाता र निर्माण व्यवसायीलाई पनि प्रतिवादी बनाएको छ । परामर्शदाता इप्टिसा-बीईटीएस जेभीका डेपुटी टिम लिडर शिवकुमार शर्मा र इप्टिसा सर्भिसेज डी इन्गेजियरिज एसएल परामर्श सेवा प्रालि जेभीलाई पनि मुद्दा दायर गरिएको छ । शर्मालाई ४८ करोड ३६ लाख ७ हजार ५८० र परामर्श कम्पनीलाई ८७ करोड ५८ लाख ८३ हजार ३ सय ६० बिगो तोकिएको छ । यस्तै निर्माण व्यवसायी सीएमसी डी राभेनालाई ६५ करोड १४ लाख ५७ हजार ४ सय १० बिगो माग गरिएको छ । निर्माण कम्पनी सीएमसी डी राभेन्नाले कामै नगरी भुक्तानी लिएको पाइएको छ ।

निर्माण व्यवसायीसँग २०७० असार ३१ मा १०९५ दिनभित्र निर्माण सम्पन्न गर्ने गरी ७ अर्ब ७२ करोडको ठेक्का सम्झौता भएको थियो । सम्झौता भएको ५ वर्षपछि २०७५ मंसिर २९ मा सीएमसीले छाडेको थियो । सन् २०१६ जुन २० मा एसियाली विकास बैंकबाट ऋणमा लिएको रकम सम्झौताविपरीत ठेकेदार कम्पनीलाई दुई किस्तामा अतिरिक्त मोबिलाइजेसन पेस्कीबापत ५३ करोड ६३ लाख २५ हजार दिएको अख्तियारको अनुसन्धानमा देखिएको छ ।

यस्तै २०१७ फेब्रुअरी १७ मा भ्यालु इन्जिनियरिङका नाममा ३२ करोड २८ लाख ६० हजार दिइएको थियो, त्यो पनि नियमविपरीत रहेको अख्तियारले जनाएको छ । यस्तै ठेक्का सम्झौतामा परामर्शदातालाई दिएको अधिकारबमोजिम निर्माण व्यवसायीबाट पेस भएको बिल पुनरावलोकन नगरी भुक्तानी दिएर १० करोड हानी नोक्सानी गरेको देखिएको अख्तियारले जनाएको छ ।

***- अन्नपूर्ण पोष्टबाट***

***जब...***

पाइरहेका थिएनन् । लोग्नेमानिस घरबाट निस्कनेबित्तिकै पक्राउ परिहाल्थे । भक्तपुरको राजनीतिसँग गोरु बेचेको साइनो भएका व्यक्तिसमेत प्रहरी यातनाको सिकार भए । भक्तपुरका जनप्रिय नेता तथा कार्यकर्तालाई प्रहरी हिरासतमा दिइएको यातनाका खबरले सर्वसाधारणमा पञ्चायती व्यवस्था र त्यसका समर्थकप्रति व्यापक घृणा फैलिरहेको थियो । शिक्षकहरू विद्यालय जान पाएनन्, किसान खेत जान सक्दैनथे । कैयौँ मजदुर काममा हिँड्दा पनि पक्राउ परे, कर्मचारीसमेत शासकहरूको कोपभाजनमा परे । विद्यार्थीले पढ्न पाएनन् । भक्तपुरलाई बदनाम गर्न गोयवल्सका अनेक झूटा प्रचारहरू गरियो । घरघरमा खानतलासीको नाममा पुस्तक तथा पत्रिका जफत गर्ने, महिलामाथि अभद्र व्यवहार गर्नेजस्ता क्रियाकलापले प्रहरी प्रशासनप्रति जनआक्रोश बढ्दै थियो । प्रहरीको प्रतिकार गर्न स्थानीय महिला तयार भए भने भक्तपुरका जनता आत्मरक्षार्थ राती धुनी बालेर जाग्राम बस्ने काम गर्न थाले । आन्दोलनका अनेक रूपको अभ्यास प्रारम्भ भयो । पञ्चायती व्यवस्थाकै अन्त्य नभई आफ्ना प्यारा नेता तथा कार्यकर्तालाई जेल र भूमिगत जीवनबाट मुक्त गर्न सकिन्न भन्ने चेतनाको विकास भयो । अत्याचारीविरुद्ध लडेरै मर्ने सङ्कल्पक २०४६ सालको आन्दोलनको ऊर्जा बन्यो ।

**जुलुसको आवेग !**

नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको आह्वानमा सुरु भएको २०४६ सालको ऐतिहासिक जनआन्दोलनको पहिलो दिन फागुन ७ गते काठमाडौँमा जुलुस प्रदर्शन भयो । आन्दोलनकारी र प्रतिगामीहरूबिच भिडन्त भयो । फागुन ८ गते बन्दको आयोजना गरिएको थियो । त्यस दिनको बन्द सफल पारेरै जनता परिवर्तनका पक्षमा रहेको प्रस्ट हुन्थ्यो । पञ्चायती व्यवस्थाका पृष्ठपोषकहरूले जनआन्दोलनलाई असफल बनाउने कुत्सित प्रयास गरिरहेका थिए । प्रहरीको संरक्षणमा बिकाउ मानिसहरू बजार बन्दलाई चुनौती दिइरहेका थिए । कतिपय व्यापारीलाई पसल बन्द गर्दा पञ्चायती प्रशासनको नजरमा पर्ने सन्त्रास पनि थियो । बहुदलीय प्रजातन्त्र घोषणा भएपछि काङ्ग्रेस र एमाले बनेका तत्कालीन पञ्चहरू बन्दकर्तामाथि अनेक धम्की दिइरहेका थिए ।

बन्द सफल गर्नु राजनैतिक नैतिकताको प्रश्न थियो । बिहान करिब ८ बजेतिर जुलुस प्रदर्शन गर्ने निर्णय भयो । सोहीअनुसार भक्तपुरको राजनीतिक प्रदर्शनको ऐतिहासिक स्थल सूर्यमढीबाट जुलुस सुरु गर्ने कार्यक्रम थियो । सूर्यमढी चोकबाट केही मिटर अगाडि सडकपेटीमा उभिएर विद्यार्थी नेता रवीन्द्र खर्बुजाले केही मिनेट भाषण गरी जुलुसमा सहभागी हुन आह्वान गरे । ताली बज्यो र नाराका साथ जुलुस अगाडि बढ्यो । जुलुस सुरु हुँदा सहभागीको सङ्ख्या थोरै थियो । सहभागीमध्ये बढी विद्यार्थी थिए । दत्तात्रयमा तैनाथ प्रहरीले प्रदर्शनकारीलाई पक्राउ गर्ने वा कुनै खालको दमन हुने सम्भावना थियो । भर्खर एसएलसी दिएको यो पङ्क्तिकारजस्ता युवामा अलिकति रोमाञ्च, अलि बढी जोश, अलिकति अनौठोको लेप हुनु स्वाभाविकै हो ।

जुलुस अगाडि बढ्यो, परिवर्तनकामी जनता थपिँदै गए । सय मिटरको दुरी पार गरेपछि दत्तात्रय चोक निस्कनु केहीअगाडि तलातुँछीमा पुग्दा एक हुल आन्दोलनकारी मिसिए । अर्कोतिरबाट जुलुस यातायात र बजार बन्द गर्दै आएको थियो । फेरि जुलुस अगाडि बढ्ने आह्वान गर्दै विद्यार्थी नेता खर्बुजाले केही समय भाषण गरे । जुलुस 'पञ्चायती व्यवस्था मुर्दावाद' भन्दै अगाडि बढ्यो । दत्तात्रयमा तैनाथ प्रहरीले पक्राउ वा दमन गर्ने साहस गरेन । प्रदर्शन अगाडि बढ्दै गयो । दत्तात्रयको 'गौँडा' छिचोलिसकेपछि सबैमा विजयको भाव उर्लियो । गल्लीगल्लीबाट क्रान्तिकारीहरू थपिने क्रम रोकिएन । बिहानको खाना खाएर खेत जान लागेका, मजदुरी गर्न हिँडेका मानिससमेत जुलुसमा सहभागी भए । त्यो जुलुसमा देखिएको सहभागिताबाट पञ्चायतविरुद्ध जनआक्रोशको स्तर मापन गर्न सकिन्थ्यो ।

पाँचतले मन्दिर (टौमढी) पुग्दा जुलुसको मध्यखण्डमा अचानक प्रहरी दमन सुरु भयो । लाठी प्रहार गरी जुलुस छिन्नभिन्न गर्ने कोसिस गरियो । जुलुसको पछिल्लो खण्डमा रहेको यो लेखक गल्लीबाट झरेर हनुमानघाट पुग्दा केही पड्किएको आवाज सुनियो । गोली लागेर मानिस घाइते भएको हल्ला जङ्गलमा आगो लागेसरि फैलियो । खबरले जनताको आक्रोशमा घिउ थपिदियो ।

फागुन ८ गते भक्तपुरका होनहार चार जना युवाहरूले सहादत प्राप्त गरे । कैयौँ घाइते भए । भक्तपुरमा प्रहार गरिएको गोली दोस्रो विश्वयुद्धमा प्रतिबन्ध लगाएको 'डमडम' गोली थियो । सहिदको रक्ताम्य शरीर देख्नेहरू भन्छन्, गोली छातीमा ताकेर हानिएको थियो । प्रहरीसँग भिडन्त भयो । जनआन्दोलन दमनको निम्ति बनेको प्रतिकार समितिमा बस्ने स्थानीय पञ्चहरूले टौमढीमै बसेर प्रशासनलाई गोली चलाउन उक्साइरहेका थिए । शान्तिपूर्ण आन्दोलनमाथि गोली चलाइएकोमा विश्वभरका न्यायप्रेमी जनताले विरोध गरे । शान्तिपूर्ण आन्दोलनमाथि गोली चलाएर पञ्चायती व्यवस्थाले आफ्नो 'काल' निम्त्यायो ।

**अर्को आन्दोलन अपरिहार्य**

सहिदको रगत छर्केर भक्तपुरले जनआन्दोलनको दुन्दुभि बजायो । सुकेको जङ्गलको पातपतिङ्गरमा लागेको आगोको एक झिल्कोले डढेलो फैलिएझैँ देशभर आन्दोलनको आगो दन्कियो । चारभाइ सहिद आन्दोलनको बीज बने । हत्याको बदला लिने आह्वान नभएको होइन । आन्दोलनले नागबेली रूप लिँदै व्यापकता लियो । आन्दोलन सफल हुन थालेपछि सत्तातुर कतिपय नेताहरू सडकमा देखिन थाले । कतिपय पञ्चहरूले डुब्न लागेको जहाजबाट मुसा भागेझैँ रातारात कित्ता परिवर्तन गरे । कतिले बलेको आगो ताप्ने सुर कसे । न्याय र स्वतन्त्रताको निम्ति उठेको शान्तिपूर्ण जनआन्दोलनमाथि नृशंस दमन गर्ने पञ्चहरू नै बहुदलीय सत्तामा जानको निम्ति कसैको आडभरोसा पनि बने । तर, नयाँ शासक वर्गले सहिदको रगतको अपमान गऱ्यो । जनताले फेरि आन्दोलनको बाटो समाते । २०६२-०६३ मा फेरि व्यवस्था बदलियो, व्यवस्थापन भने बदलिएन । यहाँ अन्याय, शोषण, दमनको संयन्त्र पुरानै छ । जनता तावाको माछा भुङ्ग्रोमा जस्तै भएका छन् । तर, परिवर्तनकामी जनता सङ्घर्षरत छन् । फेरि अर्को आन्दोलन अपरिहार्य छ ।

# हार्दिक श्रद्धाञ्जली



**रामगोपाल सुलुजु**

**जन्म : २०२३/०६/१२ निधन : २०८०/०९/२२**

श्री मनोकामना माइक्रोफन समूहका सदस्य रविन सुलुजुका पूजनीय पिता **रामगोपाल सुलुजु**को असामयिक निधन भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**संयोजक**

**रविन माकजु**

**श्री मनोकामना माइक्रोफन समूह**

# हार्दिक समवेदना



जन्म: १९९९/१२/२५
निधन: २०८०/११/०६

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ७ गोल्मढी टोल बस्ने यस संस्थाका सदस्यता नं. **६९८९** का सदस्य **सूर्यभक्त तजले**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर

# हार्दिक समवेदना



जन्म: २०१२/१०/२५
निधन: २०८०/११/०५

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ लिबाली टोल बस्ने यस संस्थाका सदस्यता नं. **३९५** का सदस्य **नारायणभक्त ह्योंग्वा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर

# हार्दिक समवेदना



जन्म
२०१२/१०/२५

निधन
२०८०/११/०५

**स्व. नारायणभक्त ह्योंग्वा**

यस खलःका गुरु तथा बचत कोषका सदस्य **नारायणभक्त ह्योंग्वा**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**मको लुसीप्याखँ खलः तथा**
**शान्ति प्रभा बचत कोष परिवार**

तचपाल, मको-९, भक्तपुर

# नेमकिपा स्थापनाको सैद्धान्तिक आधारबारे छलफल

सुर्खेत, ७ फागुन । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घले जाजरकोटको बारेकोटमा भेटघाट तथा नेमकिपा स्थापनाको सैद्धान्तिक आधार र देशको समसामयिक राजनीतिक विषयमा छलफल सम्पन्न भयो ।

उक्त भेटघाटमा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले देशमा कम्युनिस्टको नाममा राजनीति गर्ने र सरकारमा जाने एमाले, एमाओवादी, जनमोर्चालगायतका पार्टीहरू भए पनि तिनीहरू सिद्धान्त र व्यवहारले कम्युनिस्ट नभएको बताउँदै देशको सार्वभौमिकताको रक्षा नगर्ने, निःशुल्क स्वास्थ्य, शिक्षा र युवाहरूलाई रोजगारीको बन्दोबस्त गर्न नसक्ने, भ्रष्टाचार गर्ने, तस्करहरूको संरक्षण गर्ने र सरकारमा सहभागी भएर भागबन्डा गरेर देश र जनतालाई लुट्ने एमाले, एमाओवादी, काङ्ग्रेसलगायत अहिलेसम्म सरकारमा गएका शासक दलहरू दोषी रहेको बताउनुभयो ।

सहभागीहरूको भेलाबाट रमेश खत्रीको संयोजकत्वमा ५ सदस्यीय नेक्रायुसङ्घ जाजरकोट सम्पर्क समिति गठन भयो ।

***सबै...***

थियो ।

त्यस्तै ख्यातिप्राप्त कवि राजभाइ जकमी, टोखा नगरपालिकाका उपमेयर मुरारी तामाङ, टोखा ३ का वडाध्यक्ष रमेश डंगोल, बाबुलाल डंगोल, नेवा सम्पदा समाजका रमेश नापित, सांस्कृतिक सम्पदा संरक्षण समितिका गणेशमान श्रेष्ठले पनि बोल्नुभएको थियो । सम्मेलनमा स्थापित र नयाँ साहित्य सर्जकहरूले रचना वाचन गर्नुभएको थियो । साँझ सांस्कृतिक कार्यक्रम देखाइएको थियो ।

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्न नभुल्नुहोस् ।

**माघ मसान्तसम्मको वित्तीय विवरण**

| | |
|---|---|
| शेयर पुँजी | २७,०५,८८,४००- |
| जगेडा कोष | २२,१६,३९,१०३।- |
| विभिन्न कोषहरू | १,४५,३७,५५०।- |
| कुल संस्थागत पुँजी | २२,१६,३९,१०३।- |
| कुल बचत रकम | २,३२,६९,९६,०९५।- |
| तरलता | १,००,५७,०२,६३०।- |
| ऋण लगानी | १,८५,६३,४३,९९५।- |
| कुल सम्पत्ती | ३,००,६४,३३,१५५।- |
| | |
| शेयर सदस्य सङ्ख्या | १६६८२ |
| ऋणी सदस्य सङ्ख्या | १८७५ |
| तरलता (प्रतिशत) | ४३।२२% |

व्यवस्थापक

**गतिविधि**





संस्थाको अध्ययन अवलोकन भ्रमणमा आउनु भएका जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठलाई संस्थाको प्रकाशनहरू हस्तान्तरण गर्दै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा साथै औपचारीक कार्यक्रम पश्चात् सामुहिक फोटोमा सहभागीहरू । फागुन ५

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

# हार्दिक समवेदना



**गोविन्ददास कोजु**

**जन्म : १९८८ साउन १२ गते निधन : २०८० फागुन २ गते**

यस हनुमान मोटर पार्टस्का प्रोप्राइटर तथा हनुमान आयल स्टोरका व्यवस्थापक आशाराम कोजुका पूजनीय पिता **गोविन्ददास कोजु**को दुःखद निधन भएको आज सातौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति स्वर्गलोकको उच्च स्थान मिलोस् भनी कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै पारिवारिक वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**हनुमान मोटर पार्टस**
जगाती, भक्तपुर

**हनुमान आयल स्टोर**
जगाती, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा